भक्तपुर बचत तथा ऋण
सहकारी संस्था लि.
च्याम्हासिंह, भक्तपुर-९, फोन नं.०१-६६१४६८६
चित्रकला प्रतियोगितासम्बन्धी सूचना
चित्रकला प्रतियोगिता
मिति : २०८२ माघ २४ गते, शनिबार
समय : बिहान ९:३० बजे
भेला हुने स्थान : सहकारी भवन
प्रतियोगिता हुने स्थान : भक्तपुर दरबार स्क्वायर
दर्ता शुल्क : प्रतिव्यक्ति रु.३०।-
अन्तिम दर्ता मिति : २०८२ माघ २३ गते, शुक्रबार
सहभागी हुन पाउने : कक्षा १ देखि १० सम्मका
: समूह क : कक्षा १-५ सम्म कलर भर्ने
: समूह ख : कक्षा ६-१० सम्म फ्रि ह्यान्ड
पुनश्च : कलर पेन्सिल आफै व्यवस्था गर्नुपर्नेछ । संस्थाबाट पेपर मात्र उपलब्ध गराइनेछ ।
आयोजक : ज्येष्ठ तथा बाल सदस्य उपसमिति

भ.पु.जि.प्र.का.द.नं. २६/२०५५/५६ भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

सहिदप्रति सम्मान गरौं
❖सहिद राष्ट्रिय गौरव हुन्।
❖सहिदको बलिदान र योगदानको स्मरण गरौं।
❖सहिदप्रति सम्मान र समर्पण व्यक्त गरौं।
❖सहिदको सपना पूरा गर्न इमान्दार नागरिकको भूमिका निर्वाह गरौं।
❖देश प्रेम र एकताको भावना जागृत गराऔं।
❖सामाजिक सद्भाव, सहिष्णुता र एकता कायम राखौं।
सहिदको सपना साकार गरौं, देश विकासमा सबै नेपाली जुटौं।
नेपाल सरकार
विज्ञापन बोर्ड

★ वर्ष : २८ ★ अङ्क : ११ ★ ने. सं. ११४६ शिल्ला गा, द्वितीया ★ मङ्गलबार ★ २० माघ, २०८२ ★ February 3, 2026, Tuesday ★ मूल्य रु.५।- ★ पृष्ठ ८

## पुँजीवादी सरकारबाट शिक्षा र स्वास्थ्य नि:शुल्क नहुने

भक्तपुर, १९ माघ । नेपाल मजदुर किसान पार्टीको ५२ औं स्थापना दिवसमा चाँगुनारायणको पश्चिम ढोका टोलमा आयोजित कार्यक्रममा नेमकिपाका सचिव एवं भक्तपुर क्षेत्र नं. १ का उम्मेदवार प्रेम सुवालले शिक्षा-स्वास्थ्य सेवा नि:शुल्क, देशभित्र रोजगारी, सबैलाई आवासको व्यवस्था, सामाजिक न्याय कायम हुने आदर्श समाज निर्माण नेमकिपाको उद्देश्य रहेको बताउनुभयो ।

उम्मेदवार सुवालले ३५ वर्षयता सरकारमा गएका पार्टी र तिनका नेताहरूले नेपाली जनतालाई २८ खर्ब रुपैयाँ ऋण बोकाएको, दाल, चामल, तरकारी, फलफूलसमेत आयात गरी वर्षको १५ खर्ब रुपैयाँ व्यापार घाटा पारेको उल्लेख गर्दै भन्नुभयो, "२० प्रतिशत नेपाली गरिबीमा रहेको भन्नु दिनको एक छाक मात्र खान पाउनु हो ।"

उम्मेदवार सुवालले थप्नुभयो, "संरा अमेरिकी ट्रम्प प्रशासनले भेनेजुयलाको ग्यास, तेल, सुनलगायत खनिज कब्जा गर्न राष्ट्रपति माडुरो दम्पतीलाई अपहरण गरेको हो । नेपालको जलस्रोत, खनिज र वन जङ्गलमा पनि एक एक गरी भारतीय एकाधिकार पुँजीको कब्जा बढ्दो छ । यसको दोषी शासक दल र तिनका नेताहरू नै हुन् ।"

कार्यक्रममा पार्टीको भक्तपुर जिल्ला उपाध्यक्ष न्हुछेभक्त फोजुले समानुपातिक र प्रत्यक्ष दुवै मतपत्रमा मादल चिह्नमा छाप लगाउन आग्रह गर्नुभयो ।

## गुणस्तर तथा सुनिश्चितता प्रत्यायन प्रक्रियाको लागि गुणस्तर परीक्षण कार्यक्रम




भक्तपुर, १९ माघ । विश्वविद्यालय अनुदान आयोगको Educational Quality Assurance and Accreditation Council बाट ख्वप कलेज अफ इन्जिनियरिङको गुणस्तर तथा सुनिश्चितता प्रत्यायन (QAA) प्रक्रियाको लागि गठित Peer Review Team को गुणस्तर परीक्षण कार्यक्रमको उद्घाटन कार्यक्रम भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले ख्वप इन्जिनियरिङ कलेज स्थानीय तहले पनि कलेजहरू सञ्चालन गर्न सक्छन् भन्ने उदाहरणको रूपमा प्रस्तुत रहेको बताउँदै भक्तपुर नगरपालिकाको यस कार्य देशका अन्य स्थानीय तहलाई पनि शिक्षाको जिम्मेवारी लिन उत्साहित गर्ने बताउनुभयो ।

शैक्षिक संस्थाहरू नाफा कमाउने व्यापारिक संस्था हुनुहुँदैन भन्दै उहाँले यी संस्थाहरू विशुद्ध सेवामूलक संस्था हुनुपर्छ भन्ने ख्वप कलेज अफ इन्जिनियरिङ एक उदाहरण हो भन्नुभयो ।

प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाका महत्त्वपूर्ण योजनाहरूको प्राविधिक सहयोग यसै कलेजबाट प्राप्त भइरहेको बताउँदै नपाबाट सञ्चालित कलेजहरूलाई अनुसन्धानमा केन्द्रित बनाउन प्राध्यापकहरूलाई उत्साहित गर्दै आएको बताउनुभयो ।

भक्तपुर नपाले ख्वप विश्वविद्यालय सञ्चालन गर्ने उद्देश्य रहेकोले अझ व्यवस्थितरूपमा कलेजहरू सञ्चालन गर्ने पक्षमा रहेको उल्लेख गर्दै उहाँले गुणस्तर तथा सुनिश्चितता प्रत्यायन प्राप्त कलेजहरूले देश विदेशका विभिन्न उच्च प्रतिष्ठित शैक्षिक संस्थाहरू अध्ययन अनुसन्धान गर्न सहज हुने हुँदा ख्वप कलेज अफ इन्जिनियरिङले पनि क्यु.ए.ए.को आवश्यकता महसुस गरी यसको प्रक्रियामा अगाडि बढाएको स्पष्ट पार्नुभयो ।

प्रमुख प्रजापतिले गुणस्तर तथा सुनिश्चितता प्रत्यायन (क्यु.ए.ए.) शैक्षिक संस्थालाई गुणस्तरीयता कायम राख्न अपनाइने एउटा विधि वा प्रक्रिया भएको हुँदा भक्तपुर नपाबाट सञ्चालित सबै कलेजहरूमा गुणस्तर, शैक्षिक प्रतिस्पर्धा र उत्कृष्टता कायम राख्न क्यु.ए.ए.को लागि प्रयासरत रहेको बताउनुभयो ।

विश्वविद्यालय अनुदान आयोगको निर्देशनलाई एकप्रकारको कानुनकै रूपमा लिँदै आएको बताउँदै उहाँले कानुनको अक्षरस: पालनाले मात्रै गुणस्तरीय र प्रतिस्पर्धी शिक्षा प्रदान गर्न सम्भव हुने बताउनुभयो ।

कार्यक्रममा प्रा. डा. जीवराज पोखरेल, प्राचार्य सुनिल दुवाल र कलेजका प्रा.डा. राजुभाइ त्यातले पनि बोल्नुभएको थियो ।

## नेमकिपा मानव अधिकारको रक्षा र आचारसंहिता पालना गर्ने पार्टी



काठमाडौं, १९ माघ । राष्ट्रिय मानव अधिकार सङ्गठन नेपालको आयोजनामा 'निर्वाचनमा मानव अधिकार र राजनैतिक दलको भूमिका' विषयक छलफल कार्यक्रम सोमबार आयोगको सभाकक्षमा भयो ।

बैठकमा आयोगका उपसचिव मायादेवी शर्माले आयोगले २०६४ र ७० सालको संविधानसभाको निर्वाचन र ७४ र ७९ सालको निर्वाचनमा दिएका सुझावबारे बताउँदै सिफारिस निर्वाचनमा राजनैतिक दलहरूले खेल्नुपर्ने भूमिकाबारे प्रस्ट पार्नुभयो ।

कार्यक्रममा आयोगका अध्यक्ष टोपबहादुर मगरले निर्वाचनमा मानव अधिकारको हनन र निर्वाचन आचारसंहिता पालना गरे गरेनन् भन्नेतर्फ अनुगमन गरी प्रतिवेदन पेस गर्ने र सरकारलाई कार्यान्वयन गराउन पहल गर्न आयोग लाग्ने बताउनुभयो ।

उहाँले ३३ प्रतिशत महिला उम्मेदवार नदिनु महिला अधिकारप्रति गैरजिम्मेवार रहेको बताउनुभयो ।

नेमकिपाका केन्द्रीय सदस्य नारायण महर्जनले मानव अधिकारको पक्ष र प्रत्याभूति गर्ने र निर्वाचन आचारसंहिता लागू गर्ने पार्टी नेमकिपाझैं अन्य राजनैतिक दलले पनि इमानदारिता देखाउनुपर्छ भन्नुभयो ।

उहाँले नेमकिपाले प्रतिनिधिसभा निर्वाचनमा ३३ प्रतिशत महिला उठाउनुपर्ने आचारसंहिता पालना गरी ४५ प्रतिशत महिला उम्मेदवार उठाएको स्मरण गर्नुभयो ।

उहाँले विभिन्न चरणमा निर्वाचन आयोग र सरकारलाई सुझाव दिए पनि राज्य पक्षले कार्यान्वयन नगरेकोले आयोगले उच्च दबाब दिनुपर्ने आवश्यकता औंल्याउनुभयो ।

कार्यक्रममा आयोगका सचिव मुरारीप्रसाद खरेल, राजनैतिक दलहरूमा नेकपा माले, नेकपा लैङ्गिक समावेशी समाजवादी पार्टी, जय मातृभूमि पार्टी, राष्ट्रिय मङ्गोलियन पार्टी, राष्ट्रिय जनमुक्ति पार्टी, राष्ट्रिय जनमोर्चा, राष्ट्रिय स्वतन्त्र पार्टी, जनता समाजवादी पार्टीलगायत १९ वटा दलका प्रतिनिधिहरूले आ-आफ्नो सुझाव दिनुभएको थियो ।

### आर्थिक अनुशासन आवश्यक

## देश डुबे जनताले दु:ख पाउने

काठमाडौं, १९ माघ । जनताको चाहना र आवश्यकता देशको को प्रधानमन्त्री बन्ने भने होइन, महत्त्वपूर्ण कुरा कुन दलले देश र जनताको सेवा गर्छ भन्ने हो । कुनै दलका कुनै नेताको ठुलठुलो स्वरको गर्जन र मिठा मिठा आश्वासनमा जनता भुलेरै देशले विकासमा काँचुली फेर्न नसकेको हो । निर्वाचनको नतिजापछि बहुमतको आधारमा प्रधानमन्त्री चयन हुनु स्वाभाविक हो । प्रम बनेको दलले देश र जनताको हित हेर्दैन भने उसको घाँटी सुकाइ गर्जनको कुनै अर्थ हुँदैन । जनता कसैको हल्ला र गर्जनको पछि दगुर्ने होइन । त्यस दलको सिद्धान्त र विचारले कुन वर्गको हित गर्छ भन्नेतिर जनताको ध्यान जानुपर्छ ।

विगतमा निर्वाचनको बेला ठुलठुला दलका नेताले सुशासन र विकास गर्ने कुरा गरेका थिए । यसरी देश बनाउने कुरा फुक्ने ती नेताहरूले सत्तामा पुगेपछि या सरकारको नेतृत्व तहमा पुगेपछि जनताको सेवा गर्ने कुरा किन भुले ? सरकारमा पुगेपछि ती नेताहरू किन जवाफदेही र उत्तरदायी हुँदैनन् ? प्रम बन्ने सपना बोकेका दलका नेताहरूले देश र जनताको लागि के गर्ने भन्ने कुरा फुकेका छैनन् । शासक दलका नेता र ठुला दलका नेताहरूले निर्वाचनताका प्रतिबद्धता गरेको सुन्दा देशमा कहीं कतै भ्रष्टाचार, अनियमितता, बेथिति हुँदैन भन्ने भान हुन्छ; जनताको आधारभूत आवश्यकता सबै पूरा हुने र शान्तिपूर्ण वातावरणमा सुरक्षितका साथ बस्न पाउने भान हुन्छ । सरकारी सङ्घ संस्थामा कहीं कतै घुस खुवाउन नपर्ने हो; कहीं कतै ढिलासुस्ती नहुनुपर्ने हो; आर्थिक अनुशासन कायम हुनुपर्ने हो । तर, त्यस्तो कुनै शुभसङ्केत देखिएन ।


जसरी भए पनि जित्ने र सरकारको नेतृत्व गर्ने विचार खोटपूर्ण छ । हरेक पटकको निर्वाचनमा सिद्धान्त र विचारको आधारमा राजनीति नगर्ने र बहुमत जनताको पक्षमा नलाग्ने दलका नेताहरू यस्तै हल्लाको राजनीति गरेर जनतामा भ्रम फैलाउँछन् र मत खिच्छन् । देशको निम्ति अहिले खतराको सङ्केत भनेको विदेशी दलालहरू हुन्; विदेशी शक्ति राष्ट्रको उठबस या इसारामा चल्ने दलहरू हुन् । उनीहरूले नेपाल र नेपालीको स्वार्थभन्दा विदेश र विदेशीको स्वार्थ पूरा गर्न काम गर्नेछन् । विदेशी शक्ति राष्ट्रहरू नेपाललाई परेड खेल्ने, घुसपैठ गरेर आतङ्कित पार्ने, उच्छृङ्खल गतिविधि गरेर साम्प्रदायिक भावना फैलाउने काम गर्न पछि पर्दैनन् ।

देशमा इमानपूर्वक राजनीति गर्ने दलको आवश्यकता हुन्छ । सरकारको नेतृत्व गर्ने दलका नेताहरूले गर्ने गलत कार्यको विरोध गर्ने र खबरदारी गर्ने दल आवश्यक हुन्छ । निर्वाचनमा जितेका सबै दलहरू सरकारमा सामेल हुन्छन् भन्ने कुरा होइन । के सरकारमा सामेल नहुने दल काम नलाग्ने हुन्छ ? सबभन्दा दुई ठुला दलको सरकार बनाउन पछि नपर्ने देशका दलहरू सरकारको नेतृत्व गर्न मरिहत्ते भए । सरकारमा रहेर उनीहरूले भागबन्डा गरे; उनीहरू कहिले मिले त कहिले फुटे । फलत: सरकारको नेतृत्व फेरिरह्यो । यसले अस्थिरता निम्त्यायो; ठुला दलप्रतिको विश्वास गुम्यो; असन्तोष युवा समूहले आन्दोलन थाल्यो । देशको सम्पत्ति खरानी बन्यो । यसको दोषी को ? के दोषी कारबाहीमा पर्नुपर्दैन ?

राजनीति सिद्धान्त र विचारको आधारमा हुनुपर्छ । सिद्धान्त र विचारको आधारमा राजनीति नहुँदा देश कतातिर मोडिन्छ, देशको राजनीति कतातिर जान्छ भन्न सकिँदैन । गत भदौ २४ गतेको आन्दोलन गलत दिशामा गएकै हो या गलत दिशामा पठाइएको हो । गलत दिशामा जाने या पुऱ्याउने काम कुनै पनि नेपाली र नेपालको निम्ति काम लाग्दैन । देश पछि पर्नु, जनताको सांस्कृतिक स्तर उठाउन नसक्नु आदि सबै काम ठुला दलकै अदूरदर्शिता, अपरिपक्वता र अवसरवादीको कारण भएको हो । यसले देश दुर्घटनामा पर्छ ।

बाँकी पृष्ठ २ मा

### व्यङ्ग्यचित्र कुनो



# विद्यार्थीहरूलाई अध्ययनसँगसँगै नैतिकताको पाठ पनि सिकाउनुपर्ने आजको आवश्यकता



भक्तपुर, १९ माघ । नवीन आधारभूत विद्यालयको ४५ औँ वार्षिकोत्सव, पुरस्कार वितरण तथा सांस्कृतिक कार्यक्रम सोमबार एक कार्यक्रमबिच सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले विद्यार्थीहरूलाई अध्ययनसँगसँगै नैतिकताको पाठ पनि सिकाउनुपर्ने आजको आवश्यकता हो भन्नुभयो ।

अनुशासनले सभ्य समाज निर्माण गर्न सहयोग गर्ने उल्लेख गर्दै उहाँले अनुशासित विद्यार्थी, शिक्षक र अभिभावकको संयुक्त सहकार्यबाट विद्यार्थीको सफलता निर्धारण हुने बताउनुभयो ।

शिक्षकहरू योग्य र सक्षम भयो भने विद्यार्थीहरूको आकर्षण बढ्ने विचार व्यक्त गर्दै उहाँले विद्यालयले आफ्नो छुट्टै पहिचान कायम गरी अगाडि बढ्नुपर्छ भन्नुभयो ।

भक्तपुरलाई ज्ञानविज्ञानको केन्द्र, सरसफाइ र सम्पदा संरक्षित नगरको रूपमा विकास गर्दै भक्तपुर नगरपालिकाले आफ्नो छुट्टै पहिचान बनाएको बताउँदै उहाँले भक्तपुरका सामुदायिक विद्यालयलाई व्यवस्थित पार्ने प्रयास नपाले गरिरहेको बताउनुभयो ।

आधारभूत विद्यालयहरू राम्रो हुनु भनेको विद्यार्थीहरूको शैक्षिक जग मजबुत हुनु हो भन्दै उहाँले नवीन स्कूलको थप प्रगतिको लागि शुभकामना दिनुभयो ।

भक्तपुर नपा वडा नं. ७ का वडाध्यक्ष उकेश कवांले नवीन आधारभूत विद्यालयप्रति स्थानीय जनताको अपनत्व रहेको हुँदा विद्यालयका शैक्षिक विकासमा अझ मेहेनत गरी अगाडि बढ्नुपर्ने धारणा राख्नुभयो ।

नवीन आधारभूत विद्यालयका प्रधानाध्यापक प्रकाश गोसाईले विद्यालयको शैक्षिक र भौतिक विकासमा भक्तपुर नपाको साथ र सहयोगप्रति आभार व्यक्त गर्दै विद्यालयमा विद्यार्थीहरूको आकर्षण क्रमश: बढ्दै गएको र विद्यालयको पूर्वाधारहरू स्तरोन्नति गर्दै मावि तहसम्मको कक्षा सञ्चालन गर्ने भावी योजना रहेको बताउनुभयो ।

आधारभूत विद्यालय समितिका अध्यक्ष सूर्यबहादुर फौँजुले नवीन आधारभूत विद्यालयलाई मावि सञ्चालन गर्ने उद्देश्य पूरा गर्न विद्यालयले अझ मेहनत गर्नुपर्ने बताउँदै देशको लागि योग्य नागरिक तयार गर्ने उद्देश्य विद्यालयहरूको हुनुपर्ने बताउनुभयो ।

विद्यालयका शिक्षक नारायणप्रसाद मचामसीले नवीन स्कूल स्थापनामा भक्तपुरका अग्रजहरूको मेहेनत सराहनीय भएको बताउँदै लगनशील र मेहनती शिक्षकहरूको साथ र सहयोगबाट विद्यालयमा विभिन्न गतिविधि अगाडि बढिरहेको बताउनुभयो ।

कार्यक्रममा विद्यालयका शिक्षक सुमिन महर्जन, शिक्षिकाद्वय कृतिका श्रेष्ठ र करुणा सुवालले पनि बोल्नुभएको थियो । साथै वार्षिकोत्सवकै अवसर पारेर विद्यालयको आयोजनामा भएको अतिरिक्त गतिविधिका विजेताहरूलाई पुरस्कार वितरण गर्नुका साथै विद्यार्थीहरूले सांस्कृतिक प्रस्तुति प्रदर्शन गरेका थिए ।

# देवी माध्यमिक विद्यालयमा अभिभावक अभिमुखीकरण

भक्तपुर, १९ माघ । चाँगुनारायण नगरपालिका-९, ताथलीस्थित देवी माध्यमिक विद्यालयले अभिभावक अभिमुखीकरण कार्यक्रम गरेको छ ।

सहजीकरणको क्रममा उत्प्रेरक कमल सिलवालले विद्यालय र घरको भूमिकालाई स्पष्ट पार्दै भन्नुभयो, "विद्यालय परीक्षणशाला हो भने घर वास्तविक प्रयोगशाला हो ।" उहाँका अनुसार शिक्षकले मार्गदर्शन गर्नुहुन्छ तर बालबालिकाको चरित्र, अनुशासन, व्यवहार र मानसिक स्वास्थ्य मुख्यत: घरमै निर्माण हुन्छ । अङ्क, परीक्षा र प्रतिस्पर्धामै सीमित सोचले बालबालिकालाई अनावश्यक दबाबमा पार्ने र उनीहरूको आत्मविश्वास कमजोर बनाउने उहाँको धारणा थियो ।

उहाँले अभिभावकहरूले अन्जानमा गर्ने गम्भीर त्रुटि गर्ने प्रवृत्तिलाई औँल्याउनुभयो ।

डर, धम्की र कुटपिटलाई अनुशासनको माध्यम ठान्ने सोचप्रति सिलवालले प्रश्न उठाउँदै समस्या समाधानको उपाय बालबालिकालाई सजाय नभएकोमा जोड दिनुभयो । डरले बालबालिका केही क्षणका लागि शान्त त हुन्छन्, तर सच्चिँदैनन्, उहाँले भन्नुभयो । अभिभावक र बालबालिकाका व्यवहारजन्य समस्यालाई शिक्षक, विद्यार्थी र अभिभावक मिलेर समाधान गर्नुपर्नेमा जोड दिँदै उहाँले अभिभावकहरू गम्भीर बन्नुपर्ने उल्लेख गर्नुभयो ।

अन्तरक्रियात्मक विधिबाट सञ्चालन गरिएको अभिभावक अभिमुखीकरणमा उहाँले अभिभावक शिक्षाको अभावमा कैयौँ बालबालिकाहरू स्कूलका साथै आफ्नै घरमा दबाबपूर्ण जीवन बिताउन बाध्य भएको बताउनुभयो ।

देवी माध्यमिक विद्यालयका प्रधानाध्यापक चन्द्रबहादुर थुयाजुले विद्यार्थीको समग्र विकासका लागि विद्यालय र अभिभावकबिचको सहकार्य अपरिहार्य रहेको बताउनुभयो । विद्यालयलाई समस्या पर्दा मात्र होइन, सन्तानको शैक्षिक र व्यवहारिक प्रगतिबारे बुझ्न पनि अभिभावकहरू नियमित रूपमा विद्यालयसँग सम्पर्कमा रहनु आवश्यक छ, उहाँले आग्रह गर्नुभयो ।

चाँगुनारायण नगरपालिका-९ का वडा अध्यक्ष गणेश त्यातले शिक्षाको गुणस्तर सुधार विद्यालयको मात्र दायित्व नभई घर, विद्यालय र समुदायको साझा जिम्मेवारी भएको उल्लेख गर्नुभयो । घरमै संस्कार, अनुशासन र संवादको वातावरण निर्माण भए मात्र विद्यालयका प्रयास प्रभावकारी हुने उहाँको भनाइ थियो ।

कार्यक्रममा विव्यस पदाधिकारी, अभिभावक - शिक्षक सङ्घका पदाधिकारी, सल्लाहकार, शिक्षक तथा अभिभावकहरूको सहभागिता थियो ।

अभिभावकहरूले कार्यक्रम उपयोगी र प्रभावकारी भएको जिम्मेवारीबोध गर्न सहयोगी भएको र बालबालिकासँगको सम्बन्धलाई नयाँ दृष्टिले हेर्ने अवसर भएको प्रतिक्रिया दिएको विद्यालयले जनाएको छ ।

# स्वास्थ्य बीमा बोर्डको सार्वजनिक अपिल

काठमाडौँ, १९ माघ । स्वास्थ्य बीमा बोर्डले हालै स्वास्थ्य बीमाको सही सदुपयोग गर्न आग्रह गर्दै एक सार्वजनिक अपिल प्रकाशित गरेको छ । उक्त अपिल यहाँ प्रकाशित गरिएको छ -

स्वास्थ्य बीमा कार्यक्रम स्वास्थ्य सेवा उपयोगका क्रममा हुने खर्चको जोखिमलाई अग्रीम व्यवस्थापन गर्दै वित्तीय संरक्षण प्रदान गर्ने अवधारणाअन्तर्गत सरकारले ल्याएको सामाजिक स्वास्थ्य सुरक्षाको एक महत्त्वपूर्ण कार्यक्रम हो । सम्पूर्ण नेपाली नागरिकलाई सर्वसुलभरूपमा गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न तथा स्वास्थ्य सेवा उपयोगमा सुधार ल्याउनका लागि सामाजिक स्वास्थ्य बीमाको आधारमा सबैका लागि स्वास्थ्य सेवा सुनिश्चित गर्ने उद्देश्यसहित यो कार्यक्रम सञ्चालन हुँदै आएको छ । यस कार्यक्रमले स्वास्थ्यमा सर्वव्यापी पहुँच (Universal Health Coverage) प्राप्तितर्फ नेपाललाई अग्रसर बनाउँदै दिगो विकास लक्ष्य प्राप्त गर्न महत्त्वपूर्ण भूमिका खेल्ने लक्ष्य लिएको छ । स्वास्थ्य बीमा ऐन, २०७४, स्वास्थ्य बीमा नियमावली, २०७५ तथा अन्य नीतिगत व्यवस्थाहरूले यस कार्यक्रमलाई सामाजिक स्वास्थ्य सुरक्षा प्रणालीको मेरुदण्डका रूपमा परिकल्पना गरेको छ । सीमित स्रोतसाधन तथा केही संरचनागत चुनौतीका बाबजुद पनि कार्यक्रममार्फत दैनिक करिब ५० हजार नागरिकहरूले स्वास्थ्य सेवा प्राप्त गरिरहेका छन्, जसका कारण दैनिक औसत ८ करोड रूपैयाँ बराबरको आम नागरिकको गोजीबाट हुने खर्च जोगिँदै वित्तीय सुरक्षा सुनिश्चित भइरहेको छ ।

सामाजिक ऐक्यबद्धता सिद्धान्तअनुरूप सञ्चालन गरिएको यस स्वास्थ्य बीमामार्फत वित्तीय व्यवस्थापन गरी आम नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने उद्देश्यका साथ बोर्डले अधिकतम प्रयास गरिरहेको अवस्थामा 'स्वास्थ्य बीमाको सही सदुपयोग गरौँ' भन्ने सन्देशसहित समस्त सेवाग्राहीहरूले स्वास्थ्य सेवाको जिम्मेवार प्रयोग गर्नुहुन, बीमा सेवाको दुरूपयोग नगर्नुहुन र अनावश्यक परीक्षणहरूका लागि चिकित्सक/स्वास्थ्यकर्मीहरूलाई दबाब नदिनुहुन अनुरोध गर्दछौँ । साथै सेवा प्रदायकहरूले पनि औचित्यका आधारमा मात्र चेकजाँच, ल्याब परीक्षण तथा उपचार (Rational prescription) प्रचलित कानुन तथा बोर्डले निर्माण गरेका निर्देशिका, कार्यविधि तथा परिपत्रको कार्यान्वयन गरी स्वास्थ्य बीमा कार्यक्रमलाई दिगो बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुहुन अनुरोध गर्दछौँ ।

हाल स्वास्थ्य बीमा सेवा लिनु पर्दा असहजता देखिएका वा अस्थायी रूपमा सेवा अवरुद्ध भएका सेवा प्रदायक स्वास्थ्य संस्थाहरूलाई पुन: सञ्चालनमा ल्याउन बोर्डले निरन्तर पहल तथा छलफल गरिरहेको व्यहोरा जानकारी गर्दछौँ । स्वास्थ्य बीमा कार्यक्रमलाई अझ सशक्त, थप व्यवस्थित, प्रभावकारी एवम् नागरिक मैत्री बनाउन बोर्ड प्रतिबद्ध छ ।

***देश...***

दुर्घटनामा परे देश डुब्छ; देश डुबेपछि जनताले दु:ख पाउँछन् । सरकार असफल हुन्छ । देशमा आर्थिक सङ्कट निम्तिन्छ । सरकारले कुनै काम गन्तव्यमा पुऱ्याउन सक्दैन । देश त्यहीको त्यही रहन्छ; देश आत्मनिर्भर हुँदैन । यसकारण, समाजवादी व्यवस्था आवश्यक छ ।

# प्रगतिशील गीत प्रतियोगिताको तयारी भेला

भक्तपुर, १९ माघ । नेपाल मजदुर किसान पार्टी, भनपा १० वडा समितिको आयोजनामा नेमकिपाको ५२ औँ स्थापना दिवसको अवसरमा हुने प्रगतिशील गीत प्रतियोगिताको तयारी भेलाअन्तर्गत आइतबार प्रतियोगिताको निर्णायकमण्डल बैठक भयो ।

उक्त बैठकबाट माघ २४ गते, शनिबार हुने नगरव्यापी प्रगतिशील गीत प्रतियोगितामा सहभागी हुने प्रतियोगीहरूले निम्न अनुसारका नियमहरू पालना गर्नुपर्ने आयोजक समितिबाट जानकारी दिइएको छ ।

१) प्रतियोगितामा सहभागी हुने गीतको बोल शब्द प्रगतिशील हुनुपर्ने,
२) गीतको लय परम्परागत हुनुपर्ने,
३) गीत बढीमा ३ चलं (अन्तरा) को हुनुपर्ने,
४) गीतको समयावधि ५ मिनेट हुनेछ । जसमा ४ मिनेटमा जनाउ घण्टी बज्नेछ । ५ मिनेटभन्दा बढी समय लिएमा नम्बर काटिनेछ,
५) मञ्चमा वाद्यवादक र गायक या गायिका समेत गरी कम्तीमा ५ र बढीमा १२ जनासम्म सहभागी हुन पाउने ।
६) ट्र्याकमा गीत प्रस्तुत गर्ने टोली/समूहले प्रतियोगितामा सहभागी हुन नपाउने,
७) प्रतियोगितामा आवश्यक वाद्यवादनहरू प्रतियोगी स्वयम्ले ल्याउनुपर्ने,
८) प्रतियोगितामा शब्द संयोजनमा ४० अङ्क, सङ्गीततर्फ लयमा १० अङ्क, सुरताल २० अङ्क, समयको परिपालनामा ५ अङ्क, भेषभूषामा ५ अङ्क, प्रस्टतामा १० र अनुशासनमा १० अङ्क गरी जम्मा १०० अङ्क भार रहने गरी मूल्याङ्कन गरिने,
९) प्रतियोगितासम्बन्धी यदि कुनै विवाद उठेमा निणार्यक समितिको निर्णय नै अन्तिम निर्णय मानिनेछ ।

प्रतियोगितामा सहभागी हुन नाम दर्ता गरेका सम्पूर्ण समूह वा टोलीहरूको गीत सेन्सर माघ २० गते मङ्गलबार बिहान १० बजेदेखि बेखालमा हुने जानकारी आयोजक समितिले दिएको छ । माघ २४ गते हुने प्रगतिशील गीत प्रतियोगितामा प्रथम पुरस्कार रु. १५,०००।००, दोस्रो पुरस्कार रु. १०,०००।००, तेस्रो पुरस्कार रु. ५,०००।०० र सान्त्वना पुरस्कार रु. ३,०००।०० रहने आयोजक समितिले बताएको छ ।

# प्रत्यक्षतर्फको ३० लाख मतपत्र छापियो

काठमाडौँ, १९ माघ । आगामी फागुन २१ गतेका लागि तय भएको प्रतिनिधिसभा निर्वाचनको प्रत्यक्षतर्फ हालसम्म ३० लाख मतपत्र छपाइ भएको छ । निर्वाचन आयोगका अनुसार कूल २५ जिल्लाको मतपत्र छपाइ गरिसकेको छ ।

आयोगले जनक शिक्षा सामग्री केन्द्र भक्तपुरमा मतपत्र छपाइ नियमित रूपमा भइरहेको जनाएको छ । समानुपातिक निर्वाचन प्रणालीतर्फको दुई करोड आठ लाख ३० हजार मतपत्र छपाइ यसअघि सम्पन्न भइसकेको छ ।

त्यसैगरी, मतदाता शिक्षा प्रयोजनका लागि १० लाख ९८ हजार २०० थान नमुना मतपत्र छपाइ सम्पन्न भइसकेको छ । यसबिचमा निर्वाचन शिक्षा प्रदान गर्ने उद्देश्यले आयोगको निर्वाचन सूचना सम्प्रेषण तथा समन्वय केन्द्रअन्तर्गत मतदाता शिक्षा एकाइले हालसम्म १५८ वटा सामग्री आयोगबाट स्वीकृत गराइ सार्वजनिक गरेको छ । आयोगको आधिकारिक फेसबुक पेज, एक्स, टिकटक र युट्युवमा ती सामग्री राखिएका छन् ।

मतदाता, राजनीतिक दल, उम्मेदवार तथा सरोकारवाला लक्षित यस्ता सामग्रीले निर्वाचनको स्वच्छता बढाउने र नागरिकलाई आधिकारिक तथा विश्वासनीय सूचना प्राप्त हुने र मिथ्या तथा भ्रमपूर्ण सूचनाको प्रभाव न्यूनीकरणमा सहयोग पुग्ने विश्वास लिइएको छ ।

प्रतिनिधिसभा सदस्य निर्वाचनबारे अन्तर्राष्ट्रिय समुदायलाई जानकारी गराउने उद्देश्यका साथ आयोगको समन्वयमा परराष्ट्र मन्त्रालयबाट काठमाडौँस्थित कूटनीतिक नियोग एवं संयुक्त राष्ट्र सङ्घीय निकायका प्रमुख तथा प्रतिनिधिलाई ब्रिफिङ गरेको छ ।

सो कार्यक्रममा आयोग र गृह मन्त्रालयका प्रतिनिधिसमेतको उपस्थितिमा निर्वाचनको वातावरण, निर्वाचन आयोगबाट भएका तयारी, राष्ट्रिय र अन्तर्राष्ट्रिय पर्यवेक्षणलगायतका विषयमा जानकारी गराइएको आयोगका प्रवक्ता नारायणप्रसाद भट्टराईले जानकारी दिनुभयो । ***रासस***

# निर्वाचनलाई उच्च प्राथमिकता दिन आयोग र सरकारी सञ्चारमाध्यमबिच छलफल

काठमाडौँ, १९ माघ । निर्वाचन आयोगले आसन्न प्रतिनिधिसभा सदस्य निर्वाचनसम्बन्धी सत्य, तथ्य सूचना र सामग्रीलाई व्यापकता दिई मतदाता शिक्षाको प्रवर्द्धन, सञ्चार अनुगमनलगायतका विषयमा सोमबार सरकारी स्वामित्वका सञ्चारमाध्यम र सम्बन्धित निकायसँग छलफल गरेको छ ।

आयोगले निर्वाचन आउन एक महिना बाँकी रहेको सन्दर्भमा निर्वाचनमय वातावरणको सिर्जना, निर्वाचन आचारसंहिताको प्रभावकारी कार्यान्वयन र स्वच्छ, निष्पक्ष, भयरहित, पारदर्शी एवं मितव्ययी रूपमा निर्वाचन सम्पन्न गराउन ती माध्यमसँग सहकार्यको योजना पनि मागेको छ । आयोगका निर्वाचन व्यवस्थापन महाशाखाका प्रमुख एवं सहसचिव राजेन्द्रकुमार केसीले सञ्चारमाध्यमले आफ्नो नियमित जिम्मेवारीका अतिरिक्त निर्वाचनपूर्व, निर्वाचनका समय र निर्वाचनपश्चात्का अवधिमा तथ्यपूर्ण सूचना र समाचार सामग्री उत्पादन तथा प्रकाशन/प्रसारण गरेर निर्वाचनको राष्ट्रिय दायित्वलाई सफल तुल्याउनुपर्नेमा जोड दिनुभयो ।

छलफलमा राष्ट्रिय समाचार समिति (रासस) का महाप्रबन्धक सन्दीप राईले राससले चौबिसै घण्टा समाचारीय सेवा प्रवाहमार्फत ६ सयभन्दा बढी सेवाग्राहीलाई राष्ट्रिय/अन्तर्राष्ट्रिय समाचार, आलेख, विचार, अन्तर्वार्ता, मातृभाषा सेवालगायत सामग्री सम्प्रेषण गरिरहेको बताउनुभयो ।

विज्ञापन बोर्डका अध्यक्ष लक्ष्मण हुमागाइँले निर्वाचनका समयमा विज्ञापनमार्फत आचारसंहिताको उल्लङ्घन हुन सक्ने भएकाले त्यसका लागि बोर्डले नियमनको काम गरिरहेको जानकारी दिनुभयो । प्रेस काउन्सिल नेपालका मुख्य प्रशासकीय अधिकृत झविन्द्र भुसालले निर्वाचन आचारसंहिता र पत्रकार आचारसंहिताको कार्यान्वयनका लागि काउन्सिलले विशेष टोली बनाएर अनुगमन-कारबाहीका काम गरिहेको जानकारी दिनुभयो । ***रासस***

## सङ्क्षिप्त समाचार

# राष्ट्रिय सभाको बैठकमा दुई प्रतिवेदन पेस

काठमाडौँ, १९ माघ। राष्ट्रिय सभाको सोमबारको बैठकमा दुई वटा प्रतिवेदन पेस भएको छ। सार्वजनिक नीति तथा प्रत्यायोजित विधायन समितिका सभापति मायाप्रसाद शर्माले 'अध्यागमन ऐन, २०४९ र सो ऐनअन्तर्गत बनेका प्रत्यायोजित विधायनसम्बन्धी अध्ययन प्रतिवेदन २०८२' लाई सभामा पेस गर्नुभएको हो।

प्रतिवेदन पेस गर्दै अध्यागमन व्यवस्थापनसम्बन्धी विधेयकबारे शर्माले राष्ट्रियसभाका अध्यक्षसमक्ष प्रस्ट पार्नुभएको थियो। साथै, बैठकमा विकास, आर्थिक मामिला तथा सुशासन समितिका सभापति कमला पन्तले 'राष्ट्रिय सदाचार नीतिसम्बन्धी अध्ययन प्रतिवेदन, २०८२' माथि छलफल गरियोस् भन्ने प्रस्तावसमेत सभासमक्ष प्रस्तुत गर्नुभएको छ। *रासस*

# कम्बोडिया पठाउने भन्दै रकम ठगी गर्ने लामा पक्राउ

काठमाडौँ, १९ माघ। काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले कम्बोडिया पठाउने भन्दै लाखौँ रकम ठगी गरेको अभियोगमा एक जनालाई पक्राउ गरी सार्वजनिक गरेको छ।

पक्राउ पर्नेमा पर्सा ठोरी गाउँपालिका-४ का ४१ वर्षीय बविलाल लामा रहेका काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालय प्रवक्ता एवं प्रहरी उपरीक्षक रामेश्वर कार्कीले जानकारी दिनुभयो।

उहाँले भन्नुभयो, "रोजगारीका लागि कम्बोडिया लैजाने भन्दै रु. चार लाख ३५ हजार रकम लिई लामो समयसम्म झुक्यानमा राखी विदेश नपठाइ सम्पर्कविहीन भएको भन्ने पीडितले दिएको उजुरीका आधारमा पक्राउ गरिएको हो।"

निजलाई काठमाडौँ महानगरपालिका-३ बाट पक्राउ गरी आजै थप अनुसन्धान तथा आवश्यक कारबाहीको लागि वैदेशिक रोजगार विभाग ताहाचल, पठाइएको प्रवक्ता कार्कीले बताउनुभयो। *रासस*

# तीन फर्मलाई ३० हजार जरिवाना

काठमाडौँ, १९ माघ। नियमित बजार अनुमगन तथा निरीक्षण गर्दै आएको वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले तीन वटा फर्मलाई जरिवाना गरेको छ।

अनुमगनको क्रममा कैफियत देखिएपछि विभागले पोखरेल ट्रेडर्सलाई रु. १५ हजार, सुलभ किराना एण्ड खाद्य सप्लायर्सलाई रु. १० हजार र शितल खाद्यान्न स्टोर ललितपुरलाई रु. पाँच हजार जरिवाना गरेको हो। उपभोक्ता संरक्षण ऐन, २०७५ को 'फा' १५ बमोजिम कार्य नगरेकाले ती फर्मलाई कारवाही स्वरूप जरिवाना गराइएको विभागले जनाएको छ।

त्यसैगरी, चिया कटेरो प्रालिलाई व्यवसायसँग सम्बन्धित कागजात लिई तीन दिनभित्र विभागमा उपस्थित हुन निर्देशन दिइएको छ। विभागले अन्य १० वटा फर्मलाई भने सुधारात्मक निर्देशन दिएको छ।

स्थानीय प्रशासन, उपभोक्ता अधिकारकर्मीसमेतको उपस्थितिमा विभागले बजारलाई व्यवस्थित बनाउन र कानुन कार्यान्वयन गराउन नियमित बजार अनुमगन गर्दै आएको छ। *रासस*

# नुवाकोटमा बाल सुधार केन्द्र स्थापना

त्रिशुली (नुवाकोट), १९ माघ। केन्द्रीय कारागार नुवाकोटमा बाल सुधार केन्द्र स्थापना गरिएको छ। केन्द्रीय कारागार नुवाकोटको रिक्त ब्लक नं ३ को भवनमा आवश्यक बन्दोवस्तीसहित स्थापना गरिएको केन्द्रमा देशका विभिन्न बाल सुधार केन्द्रमा क्षमताभन्दा बढी रहेका बाल बिज्याइँकर्तालाई ल्याउने लक्ष्यसहित तत्कालको लाग १५० जना क्षमताको केन्द्र स्थापना गरिएको हो।

केन्द्र स्थापनासहित आइतबार बाल सुधार केन्द्र भक्तपुरमा रहेका ७५ जना बाल बिज्याइँकर्तालाई आइतबार स्थान्तरण गरेर ल्याइएको कारागार प्रमुख भेषबहादुर कुँवरले जानकारी दिनुभयो। उहाँको अनुसार गत पुस ३ गते मन्त्रिपरिषद्ले गरेको निर्णय कार्यान्वयनअन्तर्गत बाल सुधार केन्द्र भक्तपुरमा रहेकामध्ये पहिलो चरणमा पचहत्तर जनालाई केन्द्रीय कारागार नुवाकोटको रिक्त ब्लकमा ल्याएर राखिएको छ।

उक्त ब्लकमा करिब १५० जना बाल बिज्याइँकर्ता राख्न पुग्ने आवश्यक संरचना तयार गरिएको हुँदा बाँकीलाई क्रमशः ल्याउने तयारीमा रहेको उहाँको भनाइ छ। अहिले ल्याइएको बाल बिज्याइँकर्ता सबै जना १८ वर्ष उमेर पूरा भइसकेका, संलग्न घटनामा दोषी पुष्टि भएर बाल सुधार केन्द्र पठाउन सिफारिस भएका पुरुष रहेका छन्। बाल बिज्याइँकर्ता राख्न एउटा केन्द्रीय कारागार नुवाकोटमा अहिले एक मात्र भवन भएकाले तत्कालको लागि बालक (पुरुष) लाई मात्र स्थान्तरण गर्न लागिएको छ।

देशका विभिन्न नौ स्थानमा सञ्चालित बाल सुधार केन्द्रमा क्षमताभन्दा बढी भएका बाल बिज्याइँकर्तालाई तत्कालै नुवाकोट स्थान्तरण गर्ने निर्णय गत पुस ३ मा मन्त्रिपरिषद्बाट भए पनि उनीहरूको लागी आवश्यक सुविधाको बन्दोबस्ती मिलाउन समय लागेको हो। कारागारमा निर्माण गरिएकामध्ये छुट्टै स्थानमा रहेको भवन (ब्लक नं ३) मा नेपाल प्रहरीको सुरक्षा पहरामा तोकिएका मापदण्डको सुविधासहित बाल बिज्याइँकर्तालाई स्थान्तरण गरेर ल्याइएको हो।

उनीहरूलाई बन्दोबस्ती सहितको सुविधा उपलब्ध गराउने कार्य तत्कालका लागि केन्द्रीय कारागार नुवाकोटमार्फत भए पनि केही दिनपछि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयमार्फत प्रतिनिधि खटाइ हे प्रबन्ध मिलाइने उल्लेख छ। *रासस*



**बिसहजारी ताल**

सिमसार क्षेत्रमा पर्ने विश्व रामसार सूचीमा सूचिकृत चितवनको प्रख्यात बिसहजारी ताल। पर्यटकीय गन्तव्यका रूपमा विकास हुँदै आएको यो क्षेत्र सन् २००३ मा विश्व रामसार सूचीमा सूचीकृत भएको हो। *तस्बिरः सनद अधिकारी/रासस*

# चुनावी घोषणपत्रमा समेटिएला नदी संरक्षणका मुद्दा ?

गण्डकी, १९ माघ। नदी संरक्षण अभियन्ताहरूले अनियन्त्रित दोहन र अतिक्रमणको चपेटमा परेका नदीनाला संरक्षणको मुद्दालाई राजनीतिक दलका चुनावी घोषणापत्रमा प्राथमिकता दिन दबाब बढाएका छन्। अमूर्त चुनावी नारा नभई जलसम्पदा जोगाउने स्पष्ट नीति र दृष्टिकोणसहित कार्यान्वयनमुखी घोषणापत्र ल्याउनुपर्ने उनीहरूको माग छ।

नदी संरक्षण अभियन्ता मेघ आलेले नदीनालाको हकअधिकारलाई कानुनीरूपमा स्थापित गर्नुपर्ने बताउनुभयो। राजनीतिक दलका चुनावी घोषणापत्रमा नदी संरक्षणको मुद्दा समेटिनुपर्नेलगायत माग राख्दै उहाँ विगत आठ दिनदेखि काठमाडौँको माइतीघरमा अनशनरत हुनुहुन्छ। उहाँले भन्नुभयो, "सातै प्रदेशमा रहेका मुख्य नदी-प्रणालीलाई संरक्षित क्षेत्र घोषणा गर्नुपर्छ, नदी संरक्षणसम्बन्धी छुट्टै कानुन चाहिन्छ। नदीलाई मानवीय अतिक्रमण र प्राकृतिक प्रकोपटबाट जोगाउन नसके ठूलो पर्यावरणीय सङ्कट निम्तिन्छ।"

नदीमा आधारित स्रोत बेचेर धनी हुने सोच नराख्न उहाँले राजनीतिक दल र नीति निर्माताहरूलाई आग्रह गर्नुभयो। अभियन्ता आलेले सभ्यता बोकेको कर्णाली नदीलाई विश्व सम्पदा सूचीमा सूचीकृत गर्न सरकारले पहल लिनुपर्ने बताउनुभयो। कालीगण्डकी, कोशीलगायत मुख्य नदी-प्रणालीको प्राकृतिक बहावलाई कुनै पनि बहानामा अवरोध गर्न नहुने उहाँको भनाइ छ। "बाघ संरक्षणमा जसरी नेपालले अन्तर्राष्ट्रिय जगतमै नमुनायोग्य काम गऱ्यो, त्यसरी नै नदी जोगाउने नीति र कार्यक्रम चाहिएको छ," अभियन्ता आलेले भन्नुभयो।

उहाँले नदीका नाममा राष्ट्रिय निकुञ्ज र संरक्षित क्षेत्र घोषणा गर्नुपर्नेमा जोड दिनुभयो। पोखराको सेती नदीमा पर्यटकीय गतिविधि सञ्चालनका लागि प्रचुर सम्भावना रहेको अभियन्ता आलेले औँल्याउनुभयो। 'कालीगण्डकी बचाऔँ' अभियानका संयोजक आरके अदीप्त गिरीले राजनीतिक दलका घोषणापत्रमा वातावरणीय मुद्दा छिटपुट रूपमा उठ्न थाले पनि तिनको कार्यान्वयनमा स्वयं दलहरू नै उदासिन देखिएको बताउनुभयो।

उहाँले भन्नुभयो, "चुनावी घोषणापत्र खाली विकासे नारामा मात्र केन्द्रित छन्, जल, जमिन र जङ्गलको मुद्दा सधैँ उपेक्षामा पर्ने गरेको छ। पृथ्वीले भोगिरहेको पर्यावरणीय सङ्कटलाई राजनीतिक दल र उम्मेदवारले अनदेखा गर्न मिल्दैन।" नीति निर्माणसँगै त्यसलाई कार्यान्वयन गर्ने जवाफदेही नेतृत्व नभएसम्म वातावरणीय न्यायको मुद्दा कमजोर बनिरहने संयोजक गिरीले बताउनुभयो। उहाँले भन्नुभयो, "नदीनालालगायत प्राकृतिक स्रोतको उपयोग कसरी गर्ने भन्ने न्यूनतम हेक्का पनि नहुँदा आज ठूलठूला वातावरणीय सङ्कटहरू निम्तिइरहेका छन्। मानव सभ्यताको विकास नै नदी किनारबाट भएको हो, आज तिनै नदी चरम दोहन र अतिक्रमणको चपेटामा छन्।"

मध्यनेपालको प्रमुख नदी-प्रणाली कालीगण्डकी संरक्षणका लागि अभियानले विगतदेखि नै आवाज उठाउँदै आएको संयोजक गिरीले बताउनुभयो। "नदी संरक्षणको मुद्दामा दलहरूको दृष्टिकोण के हो ? नीति के हो ? संरक्षणको के योजना छ ? यी विषय दलका चुनावी घोषणापत्रमा स्पष्ट रूपमा आउनुपर्छ र मतदाताले पनि यो विषयमा निरन्तर खबरदारी गर्नु जरुरी छ," उहाँले भन्नुभयो।

मानवीय अतिक्रमणबाट मुक्त गरी कालीगण्डकीलाई प्राकृतिक लयमा फर्काउन अभियानले रचनात्मक दबाब बढाउँदै आएको छ। छ वर्षअघि जन्मेको अभियानले केही वर्षअघि 'नदी सप्तक' कविता शृङ्खला सञ्चालन गरेको थियो। कालीगण्डकी संरक्षण अभियानमा टेवा दिन गायक कर्ण दासको स्वरमा 'ए कालीगण्डकी' गीत पनि सार्वजनिक गरिएको थियो। उक्त गीतमा कालीगण्डकी नदीको सभ्यता र महिमा वर्णन गरिएको छ।

कालीगण्डकी दोहनले नदीको सौन्दर्य र सभ्यतामात्र नासिने नभई समग्र मानव-प्रकृति चक्रलाई दुःखान्त स्थितिमा पुऱ्याउने भएकाले संरक्षण अभियान चलाउनुपरेको संयोजक गिरीले बताउनुभयो। कालीगण्डकी नदीमा आधारित ठूला विकास परियोजना सञ्चालन नगर्न सरकारलाई ध्यानाकर्षण गराइएको उहाँको भनाइ छ। "अनियन्त्रित दोहन र अतिक्रमणको चपेटमा परेको कालीगण्डकी नदीमा ठूला पूर्वाधार आयोजना निर्माण गर्दा नदी-प्रणाली र त्यसमा आश्रित समुदायमा गम्भीर सङ्कट निम्तन सक्छ," संयोजक गिरीले भन्नुभयो।

धार्मिक, सांस्कृतिक महिमा र प्राकृतिक विविधतासँगै मानिसको जीविकासँग जोडिएको कालीगण्डकी नदीलाई आफ्नै प्राकृतिक स्वरूपमा बग्न दिनुपर्ने अभियानकर्मीहरूको माग छ। विश्वमै दुर्लभ शालिग्राम पाइने एकमात्र नदी भएकाले कालीगण्डकी धर्मप्रेमीका लागि पनि पवित्रस्थल मानिन्छ। राज्यको उचित र कठोर नीति नहुँदाको फाइदा उठाउँदै गिट्टीबालुवा उत्खननका नाममा मनपरी ढङ्गले नदी दोहन भइरहेकामा संरक्षणकर्मीहरू चिन्तित छन्। *रासस*

# "भिटामिन डीको कमीले शरीरमा विविध समस्या ल्याउँछ"

नारायणगढ (चितवन), १९ माघः भिटामिन 'डी' शरीरमा पर्याप्त मात्रामा हुनु अति आवश्यक मानिन्छ। सूर्यको प्रकाशसँग सम्पर्कमा आउँदा शरीरमा उत्पादन हुने भिटामिन 'डी' को कमी हुँदा शरीरमा विभिन्न समस्या देखापर्न थाल्छ। चिकित्सकका अनुसार मासु, अण्डा तथा दुग्धजन्य पदार्थमा भिटामिन 'डी' पाइन्छ। भिटामिन डीयुक्त खाना खाएर यसको कमी धेरै हदसम्म हटाउन सकिन्छ, तर केही अवस्थामा सप्लिमेन्ट आवश्यक पर्छ।

भरतपुर अस्पतालका वरिष्ठ फिजिसियन तथा इन्डोक्राइनोलोजिस्ट, एसोसिएट प्रोफेसर डा. कल्याण सापकोटाका अनुसार, भिटामिन डीको कमी बच्चादेखि वृद्धसम्म सबै उमेर समूहमा स्वास्थ्य समस्या निम्त्याउन सक्छ। यसलाई 'सनसाइन भिटामिन' पनि भनिन्छ। डा. सापकोटाले भन्नुभयो, "भिटामिन डी हर्मोन पनि हो। हाम्रो छालामा घामको प्रकाश पर्दा शरीरले यसलाई उत्पादन गर्छ। तर, आजकाल धेरै व्यक्तिमा यसको कमी देखिएको छ।"

उहाँले नवजातदेखि १२ महिनासम्मको बच्चामा दैनिक ४०० युनिट र वयस्कमा दैनिक १००० युनिट भिटामिन डी आवश्यकपर्ने बताउनुभयो। अस्पतालमा भिटामिन डीको कमीका कारण विभिन्न लक्षण लिएर धेरै बिरामी आउने गरेको उल्लेख गर्दै उहाँले भन्नुभयो, "भिटामिन 'डी' पाउने मुख्य स्रोत खानपान र घाम हो। खानपानबाट विशेषगरी मासु, अण्डा तथा दुग्धजन्य पदार्थबाट प्राप्त हुन्छ। अन्य खानेकुराबाट पर्याप्त मात्रा पाउन सकिँदैन। जस्तै नूनमा आयोडिन मिलाइन्छ, त्यसैगरी फोर्टिफाइड खाना, तेल वा घ्यूमा भिटामिन मिसाएर सेवन गर्न सकिन्छ। नेपालमा खानामा फोर्टिफाइड सामग्री मिसाउने प्रचलन धेरै छैन।

साथै, घामको प्रकाशले सबैलाई पर्याप्त भिटामिन 'डी' नपुग्ने अवस्था पनि देखापर्छ।" उहाँले थप्नुभयो, "भिटामिन डीको लागि विशेषगरी बिहान १०-११ बजेदेखि दिउँसो ३ बजेसम्मको घाम महत्वपूर्ण हुन्छ। उक्त समयमा १०-३० मिनेटसम्म छालामा घाम लाग्दा भिटामिन 'डी' शरीरमा उत्पादन हुन्छ।" उहाँले घाम ताप्दा सनस्किन नलगाउने र छाला ढाक्ने कपडा नलगाउने सुझाव दिनुभयो। उहाँले जाडो महिनामा घामको प्रकाश पर्याप्त नपुग्ने हुँदा यसको पूर्ति खानाबाट वा सप्लिमेन्टबाट गर्नुपर्ने बताउनुभयो।

उहाँका अनुसार भिटामिन डीले क्याल्सियमको सन्तुलन कायम राख्न, हड्डी, मांसपेसी, छाला र रोग प्रतिरोधात्मक प्रणालीको स्वास्थ्य सुनिश्चित गर्न महत्वपूर्ण भूमिका खेल्दछ। पर्याप्त भिटामिन डीले क्यान्सर र सङ्क्रमणको जोखिम पनि कम गर्छ। यसको कमीले शरीर दुख्ने, मांसपेसी कमजोर हुने, हड्डी भाँचिने, थकान, बच्चामा उचाइ कम हुनु, खुट्टा बाङ्गो हुनु जस्ता लक्षण देखापर्ने डा. सापकोटाले बताउनुभो। *रासस*

। सम्पादकीय ।

# विदेशीले नेपालको जलस्रोत कब्जा गर्नेतर्फ सरकार चनाखो हुनुपर्ने

यातायात, सञ्चार र जलविद्युत् देश विकासका महत्त्वपूर्ण आधारहरू हुन् । उत्पादित सामान देशभर सर्वसुलभ गराउन यातायातको विकासबिना सम्भव हुँदैन । यस अर्थमा यातायात नै देशको राष्ट्रिय अर्थतन्त्रको महत्त्वपूर्ण कडी हो । देशको बस्ती-बस्तीमा यातायातको सुगम व्यवस्था नहुँदा, सवारी साधन नपुग्दा कृषि र उद्योगको विकास भएन । देशमा उत्पादित वस्तु समयमा निर्धारित स्थानमा पुऱ्याउन पनि यातायातको खाँचो छ । यातायात सुगम नहुँदा धेरै दुर्घटना भएको, स्वास्थ्य केन्द्र र अस्पतालमा पुऱ्याउन नसकेर ज्यान गएका धेरै दृष्टान्तहरू छन् । सस्तोमा आवश्यक सामान पुऱ्याएर जनतालाई राहत पुऱ्याउन यातायात व्यवस्था नभई हुँदैन । यसका लागि भू बनोटअनुसार कहीं रज्जुमार्ग त कहीं केबुलकारको बन्दोबस्त गर्नुपर्ने हुन्छ । गाउँ र सहरको भेद हटाउन र आदर्श समाजको निर्माण गर्न गाउँ-गाउँसम्म यातायातको बन्दोबस्त गर्नुपर्छ ।

देशका विभिन्न भाषाभाषी, जनजातिलाई सचेत पार्ने, सङ्गठित गर्ने, न्याय र सत्यको पृष्ठपोषण गराउने, जनताको सांस्कृतिक, वैचारिक, सैद्धान्तिक स्तर उठाउने एउटा भरपर्दो माध्यम सञ्चार पनि हो । विज्ञान र प्रविधिको यो युगमा सञ्चार जगत्ले ठाउँ पाएन भने, जनताको घर-आँगनमा पुऱ्याउन सकेन भने समाज धेरै पछि पर्छ । जनतालाई सचेत र सुसूचित पार्ने साधन सञ्चार क्षेत्र हो । रेडियो, टीभी, नेट, इमेल, छापा पत्रिका पनि प्रचारका आधारहरू हुन् । सञ्चारका यी क्षेत्रलाई सङ्गठनकर्ता या प्रचारको महत्त्वपूर्ण साधन मानिन्छ । जहाँ रवि पुग्दैनन् त्यहाँ कवि पुग्छन् भनेझैँ कवि र रवि नपुगेको ठाउँमा सूचना पुऱ्याउने काम सञ्चार क्षेत्रले गरेको छ । सरकारी सञ्चारका साधनहरू सबै जनताको निम्ति उपयोग हुनुपर्छ । सञ्चारका अन्य साधनलाई सरकारी नियन्त्रणबाट स्वतन्त्र गराइनुपर्छ ।

हरेक सञ्चार साधनको उद्देश्य आदर्शोन्मुख समाज निर्माण गर्ने हुनुपर्छ । सञ्चार क्षेत्र र सञ्चार क्षेत्रमा काम गर्ने सञ्चारकर्मीहरू अश्लील समाचार, अश्लील गीत र नाचबाट मुक्त हुनुपर्छ । मनोरञ्जनको नाउँमा अश्लील गीत, नाच र सन्देश दिएर नयाँ पुस्तामाझ मन्द विष छर्ने काम ठीक होइन । देशको दुर्गम क्षेत्रमा आकाशवाणी, टेलिफोन, ग्रामीण दूरसञ्चार सेवा पुऱ्याउनुपर्छ । सञ्चार क्षेत्र भ्रष्टाचार, अनियमितता, कमिसनको विरोधमा प्रयोग हुनुपर्छ । शोषण, दमन, आक्रमण, अतिक्रमणको विरोधमा प्रयोग हुनुपर्छ । देश विदेशमा भइरहेका खबरको सत्यतथ्य जनतामाझ ल्याउने काममा उपयोग गर्नुपर्छ । वर्गीय समाजमा सञ्चार क्षेत्र पनि वर्गमा विभाजित भएको छ । एकथरीको सञ्चार क्षेत्रले सत्यतथ्यबारे प्रकाश पार्छ भने अर्को थरीको सञ्चार क्षेत्रले सत्यतथ्यलाई ढाकछोप गरेर गलत सूचना प्रवाह गरिरहेको छ । यसकारण, सञ्चार क्षेत्र कुनै अल्पमतवर्गको भन्दा व्यापक जनताको हितमा प्रयोग हुनुपर्छ ।

नेपाल जलस्रोतमा धनी देश हो । यहाँ विद्युत्को प्रचुर सम्भावना छ । बिजुलीबाट चल्ने यातायातका साधन चले देशको धेरै रकम जोगिनेछ । पेट्रोलियम पदार्थमा हुने धेरै खर्च जोगिनेछ । वायु प्रदूषण धेरै घट्नेछ । जल यातायातका साधनको सम्भावनाबारे अध्ययन गर्न सकिन्छ । उपयुक्त स्थानमा उपयुक्त जलसाधन प्रयोग गरेर सामान ल्याउन लान उपयोग गर्न सकिन्छ । सम्भव भएका स्थानबाट विद्युत् आपूर्ति गरेर बिजुली देशव्यापी पुऱ्याउनुपर्छ । देशभर बिजुली पुगे यहाँ रहेका अनेक घरेलु तथा स-साना उद्योगहरू सञ्चालन गरेर हरेक क्षेत्रमा आत्मनिर्भर हुने काममा टेवा पुऱ्याउँछ । देशको लागि पर्याप्त बिजुली भएपछि मात्रै अन्य देशमा बिक्री गर्ने व्यवस्था मिलाउनुपर्छ । रासायनिक मल कारखाना खोल्नको लागि पनि जलविद्युत् उपयोग गर्न सकिन्छ । देशको जलस्रोत, खोला आदि विदेशीले लिनेतर्फ सरकार चनाखो हुनुपर्छ । अमेरिकाले अन्य देशमा तेल कब्जा गर्न अरु देशमा हस्तक्षेप गरेझैँ नेपालको पानी कब्जा गर्न पनि विदेशी शक्ति राष्ट्रहरूले आँखा गाड्नेतर्फ नेपाल र नेपाली जनता चनाखो हुनुपर्छ ।

# दस अर्ब मानिसलाई कसरी खुवाउने ?

✍ युर्डी यास्मी

अहिले विश्व खाद्यान्नसँग सम्बन्धित विभिन्न समस्यासँग जुधिरहेको छ । आज संसार आठ अर्ब मानिसलाई खुवाउन निकै सङ्घर्ष गरिरहेको छ । यस्तो परिस्थितिमा सन् २०५० सम्ममा हामी कसरी दस अर्ब मानिसलाई खुवाउन सक्छौँ ? बढ्दो जनसङ्ख्याको पोषण आवश्यकता पूरा गर्न खाद्य उत्पादनमा आमूल वृद्धि मात्र होइन, अझ समतामूलक वितरण पनि आवश्यक छ ।

तर, यो एकदमै कठिन कुरा हो । हालको खाद्य प्रणाली पहिले नै कमजोर हुँदै गइरहेको छ । विश्वमा लगभग ६७ करोड ३० लाख मानिस हरेक रात भोकै सुत्छन् र २०२५ मा हामीले गाजा र सुडानमा दुई अनिकाल देखेका छौँ । द्वन्द्व, जलवायु परिवर्तन र बढ्दो खाद्यान्नको मूल्यका कारण अनिकाल भएको हो । साथै, १.६६ अर्ब हेक्टर भूभाग ( जसमध्ये ६० प्रतिशत कृषि भूमि छ) हामीले संसारलाई खुवाउन भर परेका अभ्यासले गर्दा नै विनाश भएको हो ।

विश्वव्यापी भोकमरी पर्याप्त खाद्य उत्पादन गर्ने क्षमताको अभावबाट उत्पन्न हुँदैन, बरु आंशिक रूपमा कुशलतापूर्वक उत्पादन र समान रूपमा वितरण नगर्ने हाम्रो असफलताबाट उत्पन्न हुन्छ । २० वटा देश तथा क्षेत्रमा भोकमरीको प्रमुख कारण द्वन्द्व र असुरक्षा हुन्, जसका कारण लगभग १४ करोड मानिसले तीव्र खाद्य असुरक्षाको सामना गरिरहेका छन् । विगत ३३ वर्षमा विपत्तिले विश्वव्यापी रूपमा अनुमानित ३.२६ ट्रिलियन डलर मूल्य बराबरको कृषि उत्पादनमा क्षति पुऱ्याएको छ । यो वार्षिक औसत ४९९ अर्ब वा विश्वव्यापी कृषि उत्पादनको लगभग चार प्रतिशत हो । हालैको आपूर्ति-सञ्चालित खाद्य-मूल्यवृद्धिले दसौँ लाख मानिसलाई लगभग रातारात भोकमरीमा धकेलेको छ । अझ नराम्रो कुरा यी एकपटकको झट्का होइन, बारम्बार दोहोरिने नियति हो ।



दशकौँदेखि कृषि क्षेत्रले बढ्दो मागलाई सम्बोधन गर्दै उच्च उत्पादन दिने बालीहरू विकास गरेर धेरैभन्दा धेरै मल, कीटनाशक औषधि र बढी पानी प्रयोग गर्दै आएको छ । तैपनि, यो प्रवृत्तिले अनावश्यक फोहोर उत्पादन गरेको छ, नदीनाला प्रदूषित गरेको छ, माटोलाई उर्वरशक्तिमा ह्रास ल्याएको र हरितगृह ग्यास बढाएको छ । हामीले राम्रो बाटो खोज्नु आवश्यक छ र विज्ञानले हामीलाई मार्ग देखाउन सक्छ । हामीले प्रयोग गर्ने कुरालाई अनुकूलन गर्ने र हामीले उब्जाउने खाद्यान्न विविधीकरण गर्ने ज्ञान र उपकरण हामीसँग पहिले नै छन् ।

एउटा प्राथमिकता भनेको दक्षता सुधार गर्नु हो । सन् १९९० र २०२० को बिचमा मलको प्रयोग ४६ प्रतिशतले बढ्यो र कीटनाशक औषधिको प्रयोग दोब्बर भयो । तर, मलमा पाइने पोषक तत्त्वको ३०-६० प्रतिशत र कीटनाशक औषधिको २०-७० प्रतिशत मात्र प्रभावकारी रूपमा अवशोषित हुन्छन् । बाँकी नदीहरूमा बग्छ, माटोलाई बिगार्छ वा हरितगृह ग्यासमा मिसिन्छ । सौभाग्यवश, अनुसन्धानले देखाउँछ कि नाइट्रोजनको प्रयोगलाई अनुकूलन गर्नाले उत्पादन १९ प्रतिशतसम्म बढाउन सकिन्छ र गोबर मलको प्रयोग १५-१९ प्रतिशतले घटाउन सकिन्छ । सटिक ‘स्प्रेइङ’, जैविक कीटनाशक र अवशेष अनुगमनमार्फत सुधारिएको कीटनाशक व्यवस्थापनले जैविक विविधताको सुरक्षा गर्दै रासायनिक फोहोर घटाउँछ । कृषि पारिस्थितिक अभ्यासहरू (जस्तैः अन्तरबाली र रुखलाई कृषि प्रणालीमा एकीकृत गर्ने) ले माटोको स्वास्थ्यलाई अझ बढाउँछ र दीर्घकालीन लचिलोपनलाई बलियो बनाउँछ ।

अर्को प्राथमिकता खाद्य प्रणालीलाई विविधीकरण गर्नु हो । दशकौँको उत्पादकत्व वृद्धिले केवल तीन बालीमा खतरनाक निर्भरतालाई बढावा दिएको छ । गहुँ, धान र मकैले अब विश्वको अधिकांश क्यालोरी प्रदान गर्छ । एकल खेतीमा यस्तो निर्भरताले कीरा, रोग र जलवायु परिवर्तनको गहिरो जोखिम सिर्जना गर्छ । समाधान हामीले सीमान्तकृत गरेका बालीहरूमा निहित छ । परम्परागत र कम प्रयोग गरिएका प्रजातिहरू कोदो, पोषक तत्त्वले भरिपूर्ण गेडागुडी, स्वदेशी फलफूल, तरुलले जलवायु लचिलोपनजस्ता अन्य फाइदाका साथै पर्याप्त पोषण प्रदान गर्छ । फ्युचर स्मार्ट फुड (एसियामा) र १०० क्रप फर अफ्रिकाजस्ता संयुक्त राष्ट्रसङ्घीय खाद्य तथा कृषि सङ्गठनका पहलले यी ‘बिर्सिएका’ बालीले कसरी एकै साथ आहार विस्तार गर्न, कृषि आम्दानी बढाउन र क्षय भएको माटोलाई पुनर्स्थापित गर्न सक्छन् भनेर देखाउँछन् ।

अन्तमा, हामीले प्रभावकारी प्रविधि बढाउनुपर्छ । डेटा विश्लेषण र सटिक-कृषि उपकरणले पहिले नै कृषिलाई पुनः आकार दिइरहेका छन् । ड्रोनहरूले बीउ रोप्न सक्छन् र सटिकताका साथ त्यसबाट नतिजा ल्याउँछन् । एआई प्लेटफर्मले अनुकूलित ‘इमेजरी प्रयोग’ गर्न सक्छन् । डिजिटल माटो परीक्षण र मौसम स्टेसनहरूले बाली उत्पादनमा वृद्धि गर्न सक्छन् । ब्लकचेन प्रणालीले साना किसानलाई पारदर्शी र निश्चित बजारमा जोड्न सक्छन् ।

यी उपकरणको विस्तार गर्न कृषि विस्तार सेवा (उत्तम अभ्यासलाई प्रवर्द्धन गर्न), विज्ञानमा आधारित प्रमुख नीति परिवर्तन र किसानलाई नतिजा अनुकूलनका लागि मद्दत गर्ने साझेदारी प्लेटफर्ममा पर्याप्त लगानी आवश्यक पर्छ । त्यसैगरी, चलिरहेको नवप्रवर्तनलाई स्थानीय अभ्यासमा समावेश गर्नुपर्छ, जसले सरकार, लगानीकर्ता, निजी क्षेत्र र किसानबिचको ठुलो सहकार्यको आवश्यकता पर्छ ।


उद्देश्य स्पष्ट छ, कृषिले कम लगानीमा बढी उत्पादन गर्नुपर्छ । यसका लागि सबै औद्योगिक प्याकेजलाई स्थानीय माटो, पानी व्यवस्था, बाली र हावापानीसँग मिल्दोजुल्दो लचिलो, सन्दर्भ-विशिष्ट प्रणालीहरूले प्रतिस्थापन गर्न आवश्यक छ । सार्वजनिकरूपमा वित्त पोषित अनुसन्धानले बजारहरू कम भएका ठाउँहरूमा नेतृत्व गर्नुपर्छ, जहाँ परिशुद्धता कृषिमा समान पहुँच सुनिश्चित गर्न सकिन्छ भने निजी नवप्रवर्तनले काम गर्ने कुरालाई बढावा दिन जारी राख्छ ।

बारम्बारको द्वन्द्व, खडेरी र बजार अराजकताको सामना गर्दा पनि स्थिर उत्पादन र किफायती मूल्य सम्भव छन् । लचिलो माटो, विविध बालीनाली र सटिक व्यवस्थापनले मुख्य भूमिका खेल्छ । किसान समृद्ध हुने, माटो पुनरुत्थान हुने, पानी सफा हुने, जैविक विविधता पुनः प्राप्त हुने र कृषि खाद्य प्रणालीले न्यूनतम हरितगृह ग्यास उत्सर्जन गर्ने संसार काल्पनिक होइन । पुरानो मोडेल ध्वस्त हुनुअघि फरक कृषि मोडेललाई अँगाल्नु वास्तविक क्षतिपूर्ति हो ।

एउटै मात्र प्रश्न यो हो कि हामी पहिले नै हातमा भएको ज्ञान, विज्ञान र प्रमाणित उपकरण प्रयोग गर्छौं कि गर्दैनौँ ? भावी पुस्ताले समाधानका तरिका अस्तित्वमा थिए कि थिएनन् भनेर सोध्नेछैनन् । उनीहरूले त्यसलाई कार्यान्वयन गर्न हामीलाई यति लामो समय किन लाग्यो भनेर सोध्नेछन् । छनोट हाम्रो हो र यो विज्ञानलाई वास्तविक अभ्यासमा परिणत गर्नबाट सुरु हुन्छ ।

***(संयुक्त राष्ट्रसङ्घको खाद्य तथा कृषि सङ्गठनमा वृक्ष उत्पादन तथा संरक्षण विभागका निर्देशक यास्मीको आलेखलाई प्रोजेक्ट सिन्डिकेटबाट सुभाष शर्माले अनुवाद गरेका हुन् ।)***

# सहिष्णु हिन्दू धर्म : भ्रम र यथार्थ – १



✍ डीएन झा

१


प्राय: इसाई र मुस्लिमहरूभन्दा फरक हिन्दू धर्म सहिष्णु छ । यसले अन्य धर्मका व्यक्तिलाई धर्मान्तरण गर्दैन भनी चर्को स्वरमा दाबी गरिन्छ । हिन्दू दक्षिणपन्थीहरूले लगातार यो दाबीको प्रचार गर्दै आएका छन् । यसलाई मानिसहरूले सहजै पत्याउने गरेको पनि पाइन्छ । तर, यो दाबीका जराहरू भारतभन्दा बाहिर विदेशीका रचनामा खोज्नुपर्ने हुन्छ । अलबरुनी (सन् ९७३-१०४८) ले भारतवासीहरू विदेशीप्रति द्वेषभाव राख्छन् भनेर चर्चा गरे । उनले भारतीय विदेशीद्वेषबारे लेखेको झन्डै ५ सय वर्षपछि फ्रान्सेली डाक्टर फ्रान्सिस बर्नियरले हिन्दूहरू सहिष्णु छन् भन्ने महसुस गरे । उनले सन् १६६० को दशकमा भारतको भ्रमण गरेका थिए । यस्तो महसुस गर्ने उनी पहिला युरोपेलीहरूमध्ये एक थिए । उनले भने, "(भारतीयहरूले) आफ्नो नियम नै सर्वेसर्वा हो भनी दाबी गर्दैनन् ।" त्यस्तै, हर्डर (सन् १७४४-१८०३) भारतको रुमानी गरिमागान गर्नेमध्येका अग्रवर्ती युरोपेली थिए । उनले हिन्दूहरूलाई 'नरम', 'सहिष्णु' र 'मानव जातिका भद्रतम् शाखा' भने । इमानुयल कान्ट (सन् १७२४-१८०४) ले भने, "(तिनीहरूले) अरू धर्मावलम्बीलाई घृणा गर्दैनन् तर तिनीहरू आफूलाई सही पनि मान्छन् ।" यस्तै धारणा अन्य प्राच्यवादी (ओरियन्टालिस्ट) हरूको पनि थियो । जस्तो विलियम जोन्सले भने, "हिन्दूहरूले गोस्पेल (बाइबलको 'देववाणी') मा उल्लेख सत्यलाई तुरुन्तै स्वीकार गर्छन् तर उनीहरू यसलाई आफ्नो शास्त्रसम्मत छ पनि भन्छन् ।" १९ औँ शताब्दीका धर्म सुधारकहरूले हिन्दू सहिष्णुतामाथि जोड दिए । उदाहरणका लागि विवेकानन्द (सन् १८६३-१९०४) ले यस्तै विचार अघि सारे । यसलाई पुष्टि गर्न उनले ऋग्वेदको बहुचर्चित सूत्र 'एकमसद् विप्र: बहुतदा वदन्ति' उद्धृत गर्दै भने, "भारत नै एकमात्र सहिष्णुताको भूमि थियो र हो ।" तर, उनको यो विचार उनकै अर्को दाबीसँग मेल खाँदैन । उनले भनेका थिए, "सबै धर्म समान होलान् तर हिन्दू धर्म अरूभन्दा बढी समान थियो ।" हिन्दू धर्मबारे उनको चित्रण पनि यस्तै छ, "अन्य धर्मका धार्मिक र दार्शनिक तत्त्वका साथै तिनको इतिहासलाई (हिन्दूवाद) को मानकअनुसार मापन गर्न सकिन्छ ।" विवेकानन्दपछि ऋग्वेदको त्यो उद्धरणको रटान अचाक्ली भइसकेको छ । कतिसम्म भने आज यो एक रुढी बनिसकेको छ । तर, त्यो उद्धरण र विवेकानन्दकै विचारमा कुनै मेल देखिन्न ।

हिन्दू धर्मको कथित 'सहिष्णु चरित्र' २० औँ शताब्दीको प्राज्ञिक जगत्मा धेरै चर्चाको विषय बन्यो । उदाहरणको लागि पौल हेकरले भारतीय धर्ममा सहिष्णुता/असहिष्णुताबारे चर्चा गर्दै 'समावेशी' शब्दको प्रयोग गरे र यसलाई नितान्त भारतीय परिघटना माने । उनलाई धेरै विद्वानले समर्थन पनि गरे । यस्तै पछिल्ला समर्थक हुन् ब्रायन ह्याचर । कतिपय विद्वान्हरूले धार्मिक सहिष्णुता तथा स्वतन्त्रताको आधुनिक अवधारणा युरोपेली सभ्यताको देन मान्छन् । तर, ह्याचरले भने, "विभिन्न दर्शनलाई ग्रहण गर्नु भारतीय सांस्कृतिक परम्पराको अभिन्न अङ्ग हो ।" जेडब्ल्यु हावेर र कार्ल-हाइन्ज गोल्जियो जस्ता कैयन् विद्वान्ले ह्याचरको दाबीको खण्डन गरे । यसको लागि उनीहरूले द्वैत दार्शनिक माध्व (सन् ११९९-१२७८) को भनाइ अघि सारे । माध्वले वैष्णवहरूविरुद्ध जाने जोकोहीलाई राजाले दण्ड दिनुपर्ने बताएका थिए । भारतीय स्वतन्त्रता सङ्ग्रामको बेला धेरै भारतीय नेताले हिन्दू धर्मको समावेशी र सहिष्णु चरित्रको कल्पना गरे । बालगङ्गाधर तिलक (सन् १८५६-१९२०) उग्र हिन्दूवादका हिमायती थिए । तैपनि, धार्मिक सहिष्णुतामा जोड दिन उनले ऋग्वेदका सूत्रहरू उद्धृत गर्थे । मोहनदास करमचन्द गान्धी भारतमा धार्मिक सद्भाव कायम गर्न बाँचे र त्यसकै लागि मरे । तैपनि, उनले हिन्दू धर्मलाई आफूले बुझेका बाँकी सबै धर्मभन्दा बढी सहिष्णु पाए । हिन्दू समावेशितामा गर्व गर्दै उनले यसलाई विशेष बनाए । यस्तै विचार आधुनिक भारतका ठुला दार्शनिक एस राधाकृष्णननको पनि रह्यो । जवाहरलाल नेहरूलाई सही अर्थमा आधुनिक भारतमा धर्मनिरपेक्षताका वास्तुकार मानिन्छ । उनले जोड दिएर भने, "(हिन्दू धर्मको) मूल मर्म 'बाँच र बाँच्न देऊ हो' भन्ने लाग्छ ।" 'हिन्दू सहिष्णुता' बारे प्राज्ञिक जगतमा मतभेद देखियो । यो विवादको एकातर्फ दिवङ्गत निरद चौधरीजस्ता विचारक देखापरे । उनले धार्मिक सहिष्णुताको विचारलाई अस्वीकार गरे । उनले दृढतापूर्वक भने, "सहिष्णुता र मेलमिलाप जस्ता चल्तीका शब्द सत्य हुन् भने भारतमा बसोबास गर्ने विभिन्न जातिबिच किन यति गहिरो अविश्वास र शत्रुता छ त भन्ने प्रश्नको जवाफ दिन मुस्किल हुन जान्छ ।" विवादको अर्कोतर्फ हिन्दू धर्मको समावेशी चरित्रमाथि जोड दिने इतिहासकार र समाज वैज्ञानिकहरू छन् । हालैका वर्षमा उनीहरूले प्रभावशाली साहित्य रचेका छन् । जस्तो अमर्त्य सेनले प्राचीन भारतको धार्मिक सहिष्णुता र समावेशिताको महिमागान गरेका छन् ।

प्राचीन भारतमा, अझ खासगरी मध्ययुगको आरम्भमा एक हदसम्म पारस्परिक सद्भाव थियो । यो तथ्य दर्साउन कैयन् उदाहरण दिन सकिन्छ । प्राय: पुराणहरू मध्यकालको आरम्भ र त्यसपछि लेखिएका थिए । पुराणहरूमा एक विधर्मी धर्मका संस्थापक बुद्धलाई विष्णुको अवतार मानियो । यो इशाको छैटौँ शताब्दीको कुरा हो । यो कुरा धेरै पुराणमा मात्र होइन, अन्य कैयन् धर्मग्रन्थमा पनि पाइन्छ । क्षेमेन्द्रकृत दशावतार चरित, जयदेवकृत गीतगोविन्द, कतिपय अभिलेख र अलबरुनीको किताब अल-हिन्दमा पनि यो तथ्यको उल्लेख पाइन्छ । त्यस्तै, अर्को शास्त्रविरोधी जैन धर्मका प्रथम तीर्थङ्कर आदिनाथ (ऋषभ) लाई भागवत पुराणमा विष्णुको अवतार मानिएको थियो । रूपवान बन्न रहर गर्नेहरूले बुद्धसामु बलि चढाउनुपर्ने सिफारिस गरिएको थियो (रूपकामों याजेद बुद्धम, वराहपुराण) । यसरी ब्राह्मण पुजारीहरूका लागि बौद्ध मन्दिरहरूमा पूजा गर्ने ढोका खोलिएको थियो । यति हुँदाहुँदै पनि शिवले बुद्धको अवतारसँग लड्नका लागि शङ्करको रूपमा धर्तीमा पाइला टेकेका हुने भन्ने विचारलाई विस्मृतिमा पारिन्छ । नारायणाचार्यले आफ्नो रचना मणिमन्जरीमा शङ्करलाई अवैध सन्तान भनेको कुरा पनि लुकाइन्छ । त्यस्तै, ऋषभनाथलाई विष्णुको अवतारको रूपमा स्वीकार गर्नु जैन देवतालाई वैष्णव बनाउने र 'दुई प्रतिस्पर्धी धर्मलाई एकाकार गर्ने' असफल प्रयास थियो । त्यस्तै, वेदान्ती दार्शनिक माधव आचार्य (१४ औँ शताब्दी) ले आफ्नो पुस्तक 'सर्वदर्शनसङ्ग्रह' मा विरोधी विचारहरूप्रति उदाहरणीय सहिष्णुता देखाएको प्राय: बताइन्छ । यो पुस्तकको सुरुमा चार्वाक दर्शनको चर्चा र आलोचना छ भने अन्त्यमा शङ्करको 'अद्वैत' लाई निष्कर्षका रूपमा प्रस्तुत गरिएको छ । अद्वैत दर्शनलाई 'सम्पूर्ण दर्शनको शिरोमणि' भनिएको छ । तर, 'सहिष्णुता' को दाबी गर्दै गर्दा 'सर्वदर्शनसङ्ग्रह' भारतीय परम्पराअनुसार रचिएको तथ्यलाई हेक्का राखिन्न । त्यसबेला खण्डन गर्नुपर्ने विरोधी विचारलाई सुरुमा प्रस्तुत गर्ने (पूर्वपक्ष) चलन थियो । यस्तै, उदाहरण त्यसपछिको अवधिमा पनि पाइन्छ । जस्तो, इमामशाही एउटा मुसलमान सम्प्रदाय थियो । त्यसका अनुयायीहरूले इमामलाई विष्णुको दसौँ अवतार र कुरानलाई अथर्ववेदको अङ्ग मान्थे । कहिलेकाही यशु क्राइस्टलाई विष्णु मानिन्थ्यो भने कहिले बेलायतकी महारानी भिक्टोरियालाई हिन्दू देवी मानिन्थ्यो । भिक्टोरियाको मूर्तिलाई केही उपध्र्याहाले अपमानित गरेको केही दिनमै मुम्बई सहरमा हैजा फैलिएपछि स्थानीयहरूले भिक्टोरियालाई नै हिन्दू देवी भन्ठानेका थिए । यी घटनामा एउटा महत्त्वपूर्ण कुरा लुकाइन्छ । इमान, क्राइस्ट र भिक्टोरियामध्ये कसैले पनि ब्राह्मणवादी व्यवस्थामा महत्त्वपूर्ण स्थान पाएका थिएनन् ।

२

माथिका घटनाहरूलाई ब्राह्मणवादले अन्य धर्मलाई स्थान दिएको प्रमाण मान्ने हो भने पनि 'भारत धार्मिक सहिष्णुताको भूमि थियो' र 'हिन्दूधर्मको छातामुनि रहेका अनेकन सम्प्रदायहरू अहिंसात्मक थिए' भन्ने दाबीमाथि प्रश्न उठाउन मिल्ने ऐतिहासिक तथ्याङ्क र ठोस कारण पनि प्रशस्त पाइन्छ । जाति प्रथा र छुवाछूत हिन्दू धर्मका विशेषता हुन् । त्यसैले जन्मजात नै यो धर्म सहिष्णुतालाई मलजल गर्न असमर्थ छ । यो तथ्यलाई एकातिर राख्ने हो भने पनि ग्रन्थहरूले विभिन्न ब्राह्मणवादी सम्प्रदायहरूबिच कडा शत्रुता रहेको देखाउँछन् । त्यस्तै, वेदलाई सर्वोपरी मान्ने ब्राह्मणवाद र अन्य गैरब्राह्मणवादी धाराहरूबिच चर्को वैमनस्य थियो । यसरी नै ऋग्वेददेखि विभिन्न ब्राह्मण साहित्य (तैत्तिरीय, शतपथ, ऐतरेय र गोपथ ब्राह्मण) हुँदै महाभारत र पछि पुराणहरू (भागवत, कूर्म र देवी-भागवत पुराण) सम्म आइपुगेको दक्षको मिथकलाई लिन सकिन्छ । यो मिथक मध्यकालको आरम्भ र त्यसपछिको समयसँग सम्बन्धित छ । यसलाई विद्वान्हरूले वैष्णव र शैवहरूबिच चलेको सङ्घर्षको गाथाका रूपमा व्याख्या गरेका छन् । यो मिथकलाई हरिद्वारनजिकै पर्ने कनखल नामक तीर्थस्थलको लागि यी दुई सम्प्रदायबिच चलेको झगडाको प्रमाणको रूपमा पनि हेरिन्छ । महाभारतमा यो तीर्थस्थलको चर्चा छ । कुम्भमेलाको बेला सोही स्थान हुँदै गङ्गा नदीसम्म पुग्नुलाई भक्तजनले निकै ठुलो महत्त्व दिन्थे ।





खासमा पुराण तथा अन्य प्राचीन भारतीय ग्रन्थमा शैव र वैष्णवहरूबिच शत्रुताको आभाष पाइन्छ । विष्णुपुराणले ब्रह्मा र शिवभन्दा विष्णु श्रेष्ठ हुन् भन्ने दाबी गर्छ । कुर्मपुराणले संसारलाई डुबानमा पारेको भन्दै भैरव, कापालिक र वामाजस्ता शैव सम्प्रदायको निन्दा गर्छ । यसैगरी वराहपुराणका दुई अध्यायमा पाशुपत शैव सम्प्रदायको नकारात्मक चित्रण गरिएको छ । पद्मपुराणले वैष्णव नबने ब्राह्मणहरूलाई पाखण्डी भन्छ (अवैष्णवा तू यो विप्र: सा पाखण्डा: प्रकृतिता:) । यो निषेधवादी विचारलाई मध्यकालीन विधिशास्त्र वृद्धहरिताले पनि समर्थन गरेको छ । वृद्धहरितअनुसार गैरवैष्णव गुरुबाट लिएको मन्त्र वाचन गर्ने वैष्णवलाई सयौँ योनीसम्म नर्कमा जलाउनुपर्छ । शङ्कर दिग्विजयमा माधव र शङ्करबिच भेटघाट भएको चर्चा छ । साथै, त्यसबेला उनीहरूसँग राजा सुधनवन र कापालिकहरू थिए । भैरवको पूजा नगरेको हुनाले कापालिक गुरुले दार्शनिक माधवको भर्त्सना गरे । यसले गर्दा राजा सुधनवन र कापालिकहरूबिच युद्ध सुरु भयो । त्यो युद्धमा सबै कापालिकहरू मारिए । मध्यकालको आरम्भमा केही विधि निर्माताहरूले शैवलाई छुनेहरू र शैव वा बौद्ध मन्दिरमा प्रवेश गर्नेहरूलाई शुद्ध बनाउन केही कर्मकाण्ड बनाए । शैवहरूप्रति वैष्णवहरूको घृणा केबाट पनि स्पष्ट हुन्छ भने एक 'असल' वैष्णवले 'सिव' (सिलाइ) शब्दको प्रयोग कहिल्यै गर्दैन किनभने यो 'शिव' सँग मिल्दोजुल्दो हुन्छ । आज पनि वैष्णवहरूबिच यो प्रथा जीवित छ ।

लाग्छ शैवहरूले पनि जवाफमा वैष्णवहरूप्रति उत्तिकै घृणा फर्काएका छन् । उनीहरूले यदाकदा विष्णुलाई चटके मान्थे । सौरपुराणमा शिवलाई श्रेष्ठ सिद्ध गर्ने प्रयास गरिएको छ । त्यसमा शिवले नै विष्णुलाई सुदर्शनचक्र दिएको उल्लेख छ । पद्मपुराणमा एक ठाउँमा वासुदेवको पूजाको प्रशंसा गरिएको छ । तर, सोही पुराणको अर्को स्थानमा त्यो पूजा गर्न निरुत्साहित गरिएको छ किनभने विष्णुको नाम कहिल्यै उच्चारण गर्न हुँदैन । शङ्करका अनुयायीहरूले वैष्णव दार्शनिक मधु/माध्वलाई 'गाली र सास्ती' दिएका थिए । सौरपुराणका दुई अध्यायमा माध्वको घोर निन्दा पाइन्छ । उक्त पुराणमा उनलाई 'शिवलाई निन्दा गर्ने सबैभन्दा घृणित र छद्म प्रचारक र एक चार्वाक' भनियो भने उनका अनुयायीहरूलाई 'दुष्ट, म्लेच्छ र शुद्र' भनियो ।

शैवहरूको असहिष्णुता र धार्मिक कट्टरताको महत्त्वपूर्ण प्रमाण चोल शासक कुलोत्तुङ्ग द्वितीयको रवैयामा पाइन्छ । उनले चिदम्बरम मन्दिरको आँगनबाट विष्णुको मूर्ति हटाउन लगाएका थिए । त्यस्तै, यो कटुता २० शैव पुजारीहरूको कथामा पनि पाइन्छ । चिदम्बरम मन्दिरमा कुनै बेला वैष्णव प्रतीक चिन्ह्हरू राखेकोमा २० शैव पुजारीहरूले आत्महत्या गरेका थिए । यही वैरभाव रामानुज (सन् १०१७-११३७) को अत्याचारको कथामा पनि पाइन्छ । गाथाअनुसार सन् १०९८ मा श्रीरङ्गम (तमिलनाडु) लाई केन्द्र बनाएर धर्मप्रचार गरिरहेका रामानुजलाई झन्डै २५ वर्षका लागि मैसुर (कर्नाटक) जान बाध्य पारिएको थियो । त्यस्तै, एक 'पापी' चोल राजाले रामानुजका एक शिष्यका आँखा निकाल्ने आदेश दिएका थिए ।

वैष्णवहरूप्रति शैवहरूको तिक्तता सन् ११६० को एक अभिलेखबाट स्पष्ट हुन्छ । तिरुकड्डयुरको एक महासभामा इतर सम्प्रदायका मान्छेसँग सामाजिक सम्पर्कमा गएको आरोपमा एक शैवको सारा सम्पत्ति जफत गरी स्थानीय मन्दिरलाई दान दिने सजाय सुनाइएको थियो । शत्रुता कति गहिरो थियो भने एक अनुश्रुतिअनुसार एक वैष्णव नागाले कम्तीमा एकजना शैव पुजारीको हत्या नगरी भोजन नगर्ने कसम खाएका थिए । जवाफमा एक शैवले एक वैष्णवलाई नकाटेसम्म कहिल्यै खाना नखाने किरिया खाए । अर्को एक अनुश्रुतिअनुसार दुई गोसाइँ नेताहरूले खाना चाख्नुभन्दा अगाडि दैनिक दुईजना वैरागीहरूको हत्या गर्ने व्रत लिएका थिए । धार्मिक असहिष्णुताको सबैभन्दा सपाट उदाहरण वीरशैव सन्त चरितहरूमा पाइन्छ । एक यस्तै पुस्तकमा बिज्जल दरबारको चर्चा छ । दरबारमा बासवले एक वेदान्तीलाई अपमान गरेका थिए भने लिङ्गायतीहरूले कुकुरहरूलाई वेद पाठ गर्न लगाएर एक वैदिक विद्वानको उपहास गरेका थिए ।

शैव-वैष्णव वैरभाव समाजको माथिल्लो तप्कामा मात्र सीमित थिएन । समाजको तल्लो तहमा पनि यो वैमनस्य फैलिएको थियो । अठारौँ शताब्दीको एक तमिल पुस्तकमा यसको एउटा उदाहरण पाइन्छ । तल्लो जातिका शैव र वैष्णव पत्नीहरूबिच झगडा हुँदा एकअर्काका देवताहरूलाई होच्याउँदै भड्किला गाली गर्ने गर्थे । १९ औँ शताब्दीका फ्रान्सेली पदरी जेए दुबोइले भारतमा झन्डै ३० वर्ष बिताए । उनले अनेक धार्मिक भिक्षु र घुमक्कड साधुहरूका जत्थाको चर्चा गरेका छन् । 'ती समूहहरू सधैँ अरूका नाइकेहरूलाई भद्दा गाली गर्थे ।' ती 'भिक्षु र घुमक्कड साधुहरू' मा माथिल्ला र तल्ला जाति दुवैका मानिस हुन्थे र यसरी शैव-वैष्णव झगडामा समाजका विभिन्न वर्गका मानिस सामेल हुन्थे भन्नु गलत नहोला ।






प्रजातान्त्रिक जनगणतन्त्र कोरियाको राजधानी प्योङयाङमा प्रजग कोरियाको राज्य मामिला आयोगका प्रथम उपाध्यक्ष चो र्‍योङ हाइसमक्ष आफ्नो ओहोदाको प्रमाणपत्र पेस गर्दै त्यस देशका लागि नवनियुक्त मन्त्रीस्तरका इरानी विशेष राजदूत अब्बास तेलेविफार जनवरी २८,, २०२६ का दिन । दुई देशबिचको सम्बन्ध घनिष्ठ बनेसँगै इरानले प्रजग कोरियाका निम्ति विशेष राजदूत नियुक्त गरेको हो । *तस्बिर : केफए इन्टरनेशनल*

# प्राविधिक समस्याका कारण ‘गाजा प्रशासनिक समिति’ को प्रवेशमा ढिलाइ

गाजा, २ फेब्रुअरी (सिन्ह्वा) । प्राविधिक समस्याका कारण रफाह नाका हुँदै गाजाको ‘नवगठित प्रशासनिक समिति’ का सदस्यहरूको प्रवेशमा ढिलाइ भएको छ । गाजाको प्रशासन सञ्चालनका लागि गठन गरिएको राष्ट्रिय समितिका सदस्य ऐद याघीका अनुसार समितिका सदस्यहरू हाल इजिप्टको राजधानी कायरोमै रोकिएका छन् । उहाँका अनुसार विभिन्न प्राविधिक समस्या र अन्य अवरोधका कारण समितिको १५ सदस्यीय टोली निर्धारित समयमै गाजा प्रवेश गर्न सकेको छैन । तर, समस्या समाधान भएमा आगामी केही दिनभित्र गाजामा प्रवेश गर्न सकिने आशा गरिएको छ ।



समितिका अर्को एक सदस्यले नाम नबताउने शर्तमा समितिसँग हालसम्म स्थायी कार्यालय नहुनुका साथै दैनिक कार्य सञ्चालनका लागि आवश्यक बजेटसमेत नजुटेको जानकारी दिनुभयो । उहाँका अनुसार हालसम्म कुनै आर्थिक सहयोग प्राप्त भएको छैन । यद्यपि, समितिले गाजा सहरमा छिट्टै एउटा भवन भाडामा लिएर औपचारिक रूपमा काम सुरु गर्ने तयारी गरिरहेको छ ।

गाजामा प्रवेश गरेपछि समितिका सदस्यहरूले विभिन्न प्यालेस्टिनी राजनीतिक गुटहरू तथा सम्बन्धित सरकारी निकायहरूसँग छलफल गर्ने योजना बनाएका छन् । ती छलफलमार्फत मन्त्रालय र सरकारी कार्यालयहरूको जिम्मेवारी हस्तान्तरण तथा प्रशासनिक समन्वय प्रक्रिया अघि बढाइने बताइएको छ ।

यसैबिच, प्यालेस्टिनी सुरक्षा स्रोतहरूका अनुसार सोमबार रफाह नाका हुँदै करिब ५० जना बिरामी गाजामा फर्किने अपेक्षा गरिएको छ । तर, गाजाबाट बाहिर जान चाहने व्यक्तिहरूका लागि अपनाइने प्रक्रिया र मापदण्ड अझै स्पष्ट नभएको जनाइएको छ ।

रफाह नाका १८ महिनाभन्दा बढी समयसम्म पूर्ण रूपमा बन्द रहेपछि आइतबार प्रयोगात्मक रूपमा आंशिकरूपमा पुनः सञ्चालनमा ल्याइएको हो । नाकाको पुनः सञ्चालनले मानवीय आवतजावतमा केही सहजता ल्याउने अपेक्षा गरिएको छ ।

# जापानको गहिरो समुद्रमा दुर्लभ पृथ्वी तत्त्वको खोज

टोकियो, २ फेब्रुअरी (एएफपी) । जापानले गहिरो समुद्री परीक्षण मिसनका क्रममा समुद्रको करिब छ हजार मिटर गहिराइबाट दुर्लभ पृथ्वी तत्त्वहरू भएको खनिजयुक्त जमेको पदार्थ सफलतापूर्वक पुनः प्राप्त गरेको जनाएको छ । सोमबार सरकारद्वारा सार्वजनिक गरिएको यो जानकारी बहुमूल्य खनिज आपूर्तिका लागि चीनमाथिको निर्भरता घटाउने जापानको दीर्घकालीन रणनीतिसँग जोडिएको छ ।

सरकारी भनाइअनुसार यति ठूलो गहिराइमा पुगेर गहिरो समुद्री खनिजयुक्त जमेको पदार्थबाट दुर्लभ पृथ्वी तत्त्व निकाल्ने यो विश्वकै पहिलो प्रयास हो । यस सफल परीक्षणलाई जापानले प्राविधिक र रणनीतिक दुवै दृष्टिले महत्त्वपूर्ण उपलब्धिका रूपमा प्रस्तुत गरेको छ ।

सरकारी प्रवक्ता केई सातोले नमुनामा कति मात्रामा दुर्लभ पृथ्वी तत्त्व समावेश छन् भन्ने विषयमा विस्तृत विश्लेषण गरिने जानकारी दिनुभयो । उहाँका अनुसार यो उपलब्धि आर्थिक सुरक्षाका साथै समग्र समुद्री विकासको दृष्टिकोणबाट पनि अर्थपूर्ण रहेको छ ।

गत महिना ‘चिक्यु’ नामक गहिरो समुद्री वैज्ञानिक ड्रिलिङ डुङ्गाले प्रशान्त महासागरको दुर्गम टापु मिनामी तोरिशिमातर्फ यात्रा गरी नमुना सङ्कलन गरेको थियो । उक्त क्षेत्र वरपरको समुद्री सतहमा बहुमूल्य खनिजहरूको उल्लेखनीय भण्डार रहेको विश्वास गरिएको छ ।

यो खोज यस्तो समयमा सार्वजनिक भएको छ, जतिबेला दुर्लभ पृथ्वी तत्त्वको विश्वकै सबैभन्दा ठूलो आपूर्तिकर्ता चीनले जापानमाथि विभिन्न माध्यमबाट दबाब बढाइरहेको छ । नोभेम्बरमा प्रधानमन्त्री साने ताकाइचीले ताइवानसम्बन्धी क्षेत्रीय सुरक्षा अवस्थाबारे धारणा व्यक्त गरेपछि टोकियो र पेइचिङबिचको सम्बन्ध संवेदनशील बन्दै गएको थियो ।

यसै सन्दर्भमा पेइचिङले सम्भावित सैन्य प्रयोग हुनसक्ने ‘दोहोरो प्रयोग’ वस्तुहरूको जापानतर्फ निर्यात रोकिसकेको छ । ती वस्तुहरूमध्ये केही दुर्लभ पृथ्वी तत्त्व समूहमा पर्ने भएकाले जापानमा आपूर्ति अवरुद्ध हुनसक्ने चिन्ता बढेको छ ।

दुर्लभ पृथ्वी तत्त्व भन्नाले पृथ्वीको माथिल्लो तहबाट निकाल्न कठिन १७ प्रकारका धातुहरूलाई जनाउँछ । यी तत्त्वहरू विद्युतीय सवारी साधन, हार्ड ड्राइभ, विन्ड टर्बाइनदेखि मिसाइल प्रणालीसम्म अत्यावश्यक रूपमा प्रयोग गरिन्छ ।

जापानको विशेष आर्थिक जलक्षेत्रभित्र पर्ने मिनामी तोरिशिमाको वरपरको क्षेत्रमा एक करोड ६० लाख टनभन्दा बढी दुर्लभ पृथ्वी तत्त्व रहेको अनुमान गरिएको छ । जापानी व्यावसायिक दैनिक निक्केईका अनुसार यो विश्वकै तेस्रो ठूलो दुर्लभ पृथ्वी तत्त्व भण्डार हो ।

निक्केईका अनुसार ती भण्डारमा करिब ७३० वर्षसम्म पुग्ने डिस्प्रोसियम रहेको अनुमान छ, जुन मोबाइल फोन र विद्युतीय कारमा प्रयोग हुने उच्च-शक्ति चुम्बकमा आवश्यक पर्छ । त्यसैगरी, लेजर प्रविधिमा प्रयोग हुने यट्रियम पनि करिब ७८० वर्षसम्म पुग्ने मात्रामा रहेको बताइएको छ ।

गहिरो समुद्री उत्खननप्रति भने वातावरणीय समूहहरूले चिन्ता व्यक्त गर्दै आएका छन् । उनीहरूका अनुसार यस्तो गतिविधिले समुद्री इकोसिस्टममा गम्भीर असर पार्न सक्छ र समुद्री सतहको सन्तुलन बिगार्न सक्छ ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले अन्तर्राष्ट्रिय जलक्षेत्रमा गहिरो समुद्री उत्खननलाई तीव्रता दिन दबाब दिएपछि यो विषय भूराजनीतिकरूपमा झन् संवेदनशील बनेको छ ।

अन्तर्राष्ट्रिय जलक्षेत्रमा समुद्री सतहमाथि अधिकार क्षेत्र रहेको अन्तर्राष्ट्रिय समुद्री सतह प्राधिकरणले समुद्रको गहिराइमा उत्खननलाई नियमन गर्न विश्वव्यापी आचारसंहिता लागू गर्ने प्रयास गरिरहेको छ ।

यद्यपि, जापानको यो परीक्षण मिसन आफ्नै क्षेत्रीय जलक्षेत्रभित्र सम्पन्न गरिएको सरकारको भनाइ छ ।

द इन्टरनेसनल इन्स्टिच्युट फर स्ट्रेटेजिक स्टडिजका अनुसन्धान सहयोगी ताकाहिरो कामिसुनाका अनुसार यदि जापानले मिनामी तोरिशिमाको वरिपरि दुर्लभ पृथ्वी तत्त्व निरन्तर र सफलतापूर्वक निकाल्न सके प्रमुख उद्योगका लागि घरेलु आपूर्ति शृङ्खला सुरक्षित हुनेछ ।

उहाँका अनुसार यसले चीनमाथिको आपूर्ति निर्भरतालाई उल्लेखनीय रूपमा घटाउने भएकाले ताकाइची सरकारका लागि यो एक महत्त्वपूर्ण रणनीतिक सम्पत्ति सावित हुन सक्छ ।

पेइचिङले लामो समयदेखि दुर्लभ पृथ्वी तत्त्वमा आफ्नो प्रभुत्वलाई भूराजनीतिक लाभका लागि प्रयोग गर्दै आएको छ । अन्तर्राष्ट्रिय ऊर्जा एजेन्सीका अनुसार विश्वको दुर्लभ पृथ्वी उत्खनन उत्पादनको करिब दुई तिहाइ र परिष्कृत उत्पादनको ९२ प्रतिशत हिस्सा चीनको नियन्त्रणमा छ ।

## विश्व सङ्क्षेप

# अमेरिकामा अत्यधिक हिमपात : २,४ सयभन्दा बढी उडानहरू अवरुद्ध

वासिङ्टन, २ फेब्रुअरी (क्युएनए) । संयुक्त राज्य अमेरिकामा फैलिएको शक्तिशाली हिउँको आँधीको कारण २४ सयभन्दा बढी उडानहरू रद्द भएको जनाइएको छ ।

उत्तरी क्यारोलिनाको शार्लोट डगलस अन्तर्राष्ट्रिय विमानस्थल कार्यालयले आँधीको कारण शनिबार - आइतबारसम्मा १८ सयभन्दा बढी उडानहरू रद्द गर्न बाध्य पारेको बताएको छ । यसैबिच हाल रनवे र सडकमा हिउँ सफा गर्नका लागि ३०० जनाको सफाइ टोली तैनाथ गरिएको जनाइएको छ ।

यसैबिच, हाट्र्सफिल्ड-ज्याक्सन एटलान्टा अन्तर्राष्ट्रिय विमानस्थलले आइतबार एटलान्टा जाने लगभग ५० वटा उडानहरूबाहेक ६०० भन्दा बढी उडानहरू रद्द गर्ने घोषणा गरेको थियो ।

अमेरिकी मौसम विभागले उत्तर र दक्षिण क्यारोलिनामा भारी हिमपात र तीव्र हावा सहितको तीव्र तटीय आँधीबेहरीको चेतावनी दिएको छ । आँधीसँगै आएको शक्तिशाली ध्रुवीय हावाले दक्षिण फ्लोरिडाका केही भागहरूमा तापक्रम घट्ने र पश्चिम भर्जिनियामा तापक्रम-३३ डिग्री सेल्सियसमा पुग्ने अनुमान विभागले गरेएको छ ।

# अफगानिस्तानमा पोलियो खोप अभियान सुरु

काबुल, २ फेब्रुअरी (सिन्ह्वा) । अफगानिस्तानले सोमबारदेखि २०२६ को पहिलो पोलियो खोप अभियान सुरु गरेको छ । अभियानले पाँच वर्षमुनिका ७३ लाख बच्चाहरूलाई पोलियो भाइरसबाट जोगाउने लक्ष्य राखेको अफगानिस्तानको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

सोमबार - बिहीबारसम्म जारी चारदिने अभियान अन्तरगत देशका ३४ वटा प्रदेशमध्ये १८ वटा प्रान्तका बालबालिकामा पोलियो खोप लगाउने मन्त्रालयका प्रवक्ता शराफत जमान अमरखिलले बताउनुभएको छ ।

अभियानको सफलता सुनिश्चित गर्न आदिवासी अग्रज, धार्मिक विद्वान् र अभिभावकलाई स्वास्थ्य कार्यकर्तासँग पूर्ण सहयोग गर्न अमरखिलले आह्वान गर्नुभएको छ ।

सन् २०२६ मा अहिलेसम्म पोलियोको कुनै घटना दर्ता भएको छैन । यद्यपि, द्वन्द्व पीडित राज्यमा पोलियो रोग उन्मूलन गर्न जारी सरकारी प्रयासहरूको बाबजुद सन् २०२५ मा अफगानिस्तानमा कम्तिमा नौ वटा घटनाहरूको पुष्टि भएको थियो ।

अफगानिस्तान र छिमेकी पाकिस्तानमा जङ्गली पोलियो भाइरस सङ्क्रमण अझै उन्मूलन हुन नसकेको जनाइएको छ ।

# अस्ट्रेलियामा अनलाइन सुरक्षा कानुनको कार्यान्वयन : चार लाख १५ हजार खाता बन्द

सिड्नी, २ फेब्रुअरी (एएफपी) । अस्ट्रेलियामा १६ वर्षमुनिका प्रयोगकर्ताहरूको सामाजिक सञ्जाल प्रयोगमा रोक लगाउने कानुनअनुसार स्न्यापच्याटले चार लाख १५ हजार खाता बन्द गरेको कम्पनीले सोमबार जनाएको छ । तर, कम्पनीले केही किशोरहरूले उमेर प्रमाणीकरण प्रणाली छल्न सक्ने चेतावनी दिएको छ ।




कम्पनीले अस्ट्रेलियाली निकायहरूलाई एप्लिकेसनमार्फत प्रयोगकर्ताको उमेर जाँच गर्न बाध्य गर्न आग्रह गरेको छ, जसलाई कम्पनीले ‘थप सुरक्षा उपाय’ भनेको छ ।

स्न्यापच्याट, मेटा, टिकटक र युट्युबजस्ता प्लेटफर्महरूले नयाँ कानुनअनुसार नाबालिग प्रयोगकर्ताको खाता रोक्नुपर्छ । उक्त कानुन १० डिसेम्बर सन् २०२५ मा लागू भएको थियो ।

कम्पनीहरूले कानुन पालना नगरेमा करिब ४९ करोड ५० लाख अस्ट्रेलियन डलर जरिवाना तिर्नुपर्ने छ ।

अस्ट्रेलियाको अनलाइन सुरक्षा नियामकले गत महिनामा प्रविधि कम्पनीहरूले चार लाख ७० हजार खाता पहिले नै ब्लक गरेको बताएको थियो ।

जनवरी अन्त्यसम्म, स्न्यापच्याटले १६ वर्षमुनिका चार लाख १५ हजार खाता बन्द गरेको जनाएको छ । कम्पनीले भनेको छ, “हामी दैनिक रूपमा अझ धेरै खाता बन्द गर्दैछौँ ।”

तर, कम्पनीले कानुनमा ‘महत्त्वपूर्ण कमजोरी’ रहेको र उमेर अनुमान प्रणालीले दुई-तीन वर्षको दायरामा मात्र सही नतिजा दिन सक्ने बताएको छ ।

यसको अर्थ, केही १६ वर्ष मुनिका किशोरले सुरक्षा प्रणाली छल्न सक्छन् भने केही १६ वर्षभन्दा बढी उमेरका प्रयोगकर्ताले अनावश्यक रूपमा पहुँच गुमाउन सक्छन् ।

स्न्यापच्याटले मेटासँग मिलेर अस्ट्रेलियालाई एप्लिकेसन पसलमा उमेर जाँच अनिवार्य गर्न सुझाव दिएको छ । कम्पनीका अनुसार केन्द्रित प्रमाणीकरण प्रणालीले सुरक्षा थप मजबुत बनाउनेछ ।

कम्पनीले पूर्ण प्रतिबन्ध उपयुक्त उपाय नभएको र आफ्नो प्लेटफर्मलाई सामाजिक सञ्जाल प्रतिबन्धको दायरामा राख्नु आवश्यक नभएको बताएको छ ।

स्न्यापच्याटले भनेको छ, “हाम्रो एप मुख्यतः युवा प्रयोगकर्तालाई नजिकका साथी र परिवारसँग जडित राख्न प्रयोग हुन्छ । ती सम्बन्ध काट्दा उनीहरू सुरक्षित, खुसी वा फाइदाजनक हुने छैनन् ।”

# नेपाल मजदुर किसान पार्टीले सङ्घर्षको मैदान छोड्दैन

सिम्रिक

नेपाल मजदुर किसान पार्टीले ५१ औं वसन्त पार गरेर ५२ औं वर्षमा टेक्दै छ। त्यसैले पार्टीले हिमाल, पहाड, तराईका विभिन्न जिल्लाको आफ्नो सङ्गठन र प्रभाव भएको गाउँ-ठाउँ र सहरमा विभिन्न कार्यक्रमहरू गरेर स्थापना दिवस मनाउँदै छ। भक्तपुरमा पनि 'ए मेरा रातहरू' कवितासङ्ग्रह र 'श्रमिक' साप्ताहिकमा प्रकाशित 'सम्पादकीय सङ्ग्रह पुस्तक' विमोचन गरेर मनाइसकेको छ। यसले जनतामा समाजवादी विचार र आदर्शको उज्यालो छर्ने बत्तीको काम गर्नेछ। यसले देशभक्ति विचार र कर्मको चेतना पनि फैलाउने नै छ। यसले साम्राज्यवादी, विस्तारवादी, उपनिवेशवादी, पुँजीवादी, सामन्तवादीहरूले हाम्रो देशमा अनि विश्वमा आफ्नो स्वार्थ पूर्ति गर्न, लुट्न, आक्रमण गर्न पारिएको रातलाई चिर्न मद्दत गर्नेछ। यस्तो औजारले संसारमा मुक्ति र स्वतन्त्रताको उज्यालो छर्नेछ। कम्युनिस्ट भनेर चिनिएका शासक दलले त्यस्तो कम्युनिस्ट आचरण, व्यवहार, कर्म देखाउन सकेका छैनन्। उनीहरूका लागि हिजो गाउँबाट गरिब जनताका मन, विश्वास जितेर गुनगुनाएका, गाएका प्रगतिशील, देशभक्त कलाकार गीतकार रामेश श्रेष्ठ, युद्धप्रसाद मिश्र आदिका गीत, रचना र आवाज पनि गलाको पासो भयो। उनीहरूले कम्युनिस्टको नाममा निर्वाचनमा मत बटुल्न मात्र किसान र मजदुरलाई, बहुसङ्ख्यक अशिक्षित, असचेत, गरिब जनतालाई धोखा दिइरहेका छन् र आँखामा पट्टि लगाउने वा छारो हाल्ने काम गरिरहेका छन्।

नेपाल मजदुर किसान पार्टीले जनताको साथ र समर्थनमा देश र जनताको निःस्वार्थ सेवा गर्दै आएको जगजाहेर छ। यो दल गरिब, अन्याय, शोषित, पीडित जनताको पक्षमा, देशको न्याय र स्वतन्त्रताको पक्षमा लडाइँबाट हटेको छैन। यो दलले देशका तमाम गरिब पीडित किसानको पक्षमा लडेको थियो। धनी किसान, जमिनदार, सामन्तसँग लडेर, खेतमा गएर वास्तविक पीडित किसानको लगतमा नाम लेखाएर मोहियानी हक कायम गरिदिएको थियो। कमैयाहरूको पक्षमा पनि यस्तै सङ्घर्ष गरेको थियो। तर, कम्युनिस्ट भनिएका हालका कुनै शासक दलले त्यो गरेनन्। उनीहरूका आँखामा छारो हाल्ने मात्र काम भयो। कमैया मुक्तिका नाममा ती सबै किसान, कमैया आदि जमिनदार र सामन्तको घर र जग्गाबाट निकालिए। उनीहरू कम्युनिस्टको खोल ओढेर राजधानी आएर फोहर राजनीति गरेका शोषक, जमिनदार, सामन्त थिए।

भारतले नेपालमाथि उसले भनेजस्तो मानेन भनेर ४/५ पटक नाकाबन्दी लगाइसकेको छ। त्यसलाई नेपाली जनताले भुल्ने छैनन्; भुल्नु र बिर्सनु पनि हुँदैन। नेमकिपाले त्यसको विरोधमा सदन र सडकमा लड्यो। हाम्रा कम्युनिस्ट भनिएका र नभनिएका शासक दलहरू अझै चेतेका छैनन्। आफ्नो देशलाई आत्मनिर्भर बनाउन आफ्नै खुट्टामा उभ्याउन एउटा पनि सिन्को भाँचेको छैन। पद र सुविधाले, आइसी र डलरले उनीहरूलाई आफ्ना भक्त बनाए, कठपुतली र बुँख्याचा बनाए। उनीहरू विचार, सिद्धान्तमा, व्यवहार, आचरणमा हिमालमा चिप्लेटी खेलेर बजारिएका दलहरू हुन्।

महाकाली सन्धि, एमसीसीलगायतका देशघाती, एसियाघाती सन्धि, सम्झौता गर्दा सडक र सदनमा एक्लै सशक्त विरोध, ऱ्याली र सभा गरेर जनता र शासक दललाई सचेत गर्ने दल नेमकिपा नै हो। जनतालाई विश्वासघात गर्न नपरेको, बेइमान गर्न नपरेको, विचार, सिद्धान्त र आदर्श फेर्न नपरेको दल पनि यही हो। निर्वाचन घोषणापत्रलाई कागजको खोस्टो नबनाइकन त्यसलाई जनताको सेवा गर्न मार्गचित्रको रूपमा यसले आत्मसात गरेको छ। जनतालाई दिएको बचनअनुसार बिनालोभ, बिनापद, डर, धम्कीलाई परवाह नगरिकन निःस्वार्थ र इमानदार भई काम गर्ने, लड्ने देशको दल नेमकिपा हो भन्दा फरक नपर्ला।




कम्युनिस्ट पार्टी अन्तर्राष्ट्रवादी पनि हुने हुँदा यसले अन्तर्राष्ट्रिय कर्तव्य र धर्मलाई निभाउँदै आएको छ। अरु कम्युनिस्ट भनिएका दलले यो धर्म, निभाएको देखिँदैन। यसले हिजो स्वतन्त्र र सार्वभौम देश भियतनाममाथि अमेरिकी साम्राज्यवादले नाङ्गो हस्तक्षेप र आक्रमण गर्दा सङ्घर्षशील भियतनामी जनताको पक्षमा जुलुस र विरोधसभा गर्ने पहिलो दल पनि यही थियो। त्यस्तै चिली, इराक, लिबिया, युगोस्लाभिया, पानामा, प्यालेस्टिन आदि स्वतन्त्र देशमाथि त्यहाँका देशभक्त सरकार, राष्ट्रपति, प्रधानमन्त्रीलाई अपदस्थ गर्न र त्यहाँ प्राकृतिक अपार सम्पत्ति लुट्न अमेरिकी साम्राज्यवादले हमला गर्दा, गर्न लगाउँदा काठमाडौँलगायत देशभरबाट विरोध जुलुस, सभा गरेर, विरोध पत्र दिएर अन्तर्राष्ट्रिय धर्म कर्तव्य निभाएको दल पनि नेमकिपा हो। २०२६ जनवरी ३ मा अमेरिकाले स्वतन्त्र, स्वाधीन र सार्वभौम देश भेनेजुयलामाथि राति आतङ्ककारी आक्रमण गरेर जननिर्वाचित राष्ट्रपति निकोलस, मादुरो दम्पतीलाई लागूपदार्थ ओसारपसारमा सहयोग गरेको झूटो आरोपमा अपहरण गरेर लग्यो। यो कदमको विश्वमा विरोध भयो। तर, ट्रम्प कानमा तेल हालेर बसे। त्यो झूटो आरोप हो। मुख्य स्वार्थ त त्यहाँको तेल, ग्यास, सुनलगायतका अपार प्राकृतिक सम्पत्ति लुट्नु थियो। उनले आतङ्ककारी शैलीमा अपहरण गरेर संयुक्त राष्ट्रसङ्घको बडापत्रको मर्मविपरीत, अन्तर्राष्ट्रिय कानुनविपरीत अमेरिकाको न्युयोर्क लगेर मादुरो दम्पतीलाई बन्दी बनाएका हुन्। यसको विरोधमा पनि नेमकिपाले काठमाडौँको रत्नपार्कबाट विरोध जुलुस, सभा गरेर अमेरिकी दूतावासमा विरोधपत्र दिएको थियो। यसले सङ्कटको बेलाको मित्र असल हुन्छ भनेझैं अन्तर्राष्ट्रिय धर्म, कर्तव्य बेलैमा निभायो। काङ्ग्रेसलगायतका पुँजीवादी दलहरू, अमेरिकाको आडभरोसामा चल्ने दलहरूले विरोध गरेनन्। आफूलाई कम्युनिस्ट भनिएका एमाले, माओवादी आदि दलहरूले पनि त्यो धर्म निभाएनन्। उनीहरू कम्युनिस्ट हो - होइन यसले पनि प्रमाणित गर्दछ। जसरी पनि निर्वाचनमा नजितिएला, प्रधानमन्त्री राष्ट्रपति, मन्त्री, सांसद पद नपाइएला भन्ने डर उनीहरूमा थियो। उनीहरू अमेरिकी साम्राज्यवाद र भारतीय विस्तारवादको सहयोग र आशीर्वादबिना त्यहाँ पुग्ने आँट गर्न सक्दैनन्।

एउटा हातले ताली बज्दैन भन्ने कुरा सबैलाई थाहा छ। भोलि नेपाललाई पनि साम्राज्यवादी, विस्तारवादीहरूले हस्तक्षेप गरे, नाकाबन्दी गरे, आक्रमण गरे भने ती मित्र देशहरूले पनि साथ र समर्थन दिनेछन्, सहयोग गर्नेछन्। यहाँका शासक दल र दलका नेताहरूलाई अमेरिका, भारतबाट धम्की दिएर, लोभ देखाएर महाकाली सन्धि, एमसीसी पास गराएको जगजाहेर नै छ। त्यसैले जनता सचेत हुनुपर्छ। मेचीकालीका सबै जनताले साथ, समर्थन र सहयोग गर्नु आवश्यक छ।

# बढ्दो अतिक्रमण र प्रदूषणले सङ्कटमा सिमसार

भीष्मराज ओझा

काठमाडौँ। 'सिमसार र परम्परागत ज्ञान : सांस्कृतिक सम्पदाको सम्मान' भन्ने नाराका विभिन्न कार्यक्रमसहित नेपालमा पनि आज विश्व सिमसार दिवस मनाइँदै छ।

प्रत्येक वर्ष 'फेब्रुअरी २ तारिख' मा विश्वभर मनाइने यस दिवसले जलवायु परिवर्तनका कारण प्रभावित सिमसार क्षेत्रको संरक्षण र संवर्द्धनमा विश्व समुदायको ध्यानाकर्षण गराउँदै आएको छ। यस वर्ष तय गरिएको नाराले सिमसार क्षेत्रसँगै मानवको परम्परागत ज्ञान र सांस्कृतिक सम्पदा संरक्षणलाई प्राथमिकता दिएको छ।

सिमसार भन्नाले पानीको मुहानलगायत दलदल एवं पानी जमेको क्षेत्रलाई जनाउँछ। ताल, तलैया, पोखरी, नदी, खोला, झरना, धानखेत आदि सिमसार क्षेत्रअन्तर्गत पर्दछन्। जैविक विविधताको दृष्टिले महत्त्वपूर्ण प्राकृतिक स्थलका रूपमा रहेको सिमसारले विभिन्न प्रजातिका जीवजन्तु तथा वनस्पतिलाई बासस्थान प्रदान गर्नाका साथै मानिसको जीवनयापनका लागि अत्यावश्यक वस्तुको सुनिश्चित गर्दछ।

सिमसार क्षेत्रको संरक्षण र संवर्द्धन गर्ने उद्देश्यले यो दिवस मनाइने गरेको छ। नेपालमा पछिल्लो पटक मानवीय गतिविधिको अतिक्रमण र जलवायु परिवर्तनका असरले मौसममा देखिएको परिवर्तनसँगै सिमसार क्षेत्र सङ्कुचित हुँदै गएको देखिन्छ। तिनको क्षेत्रफल र गुणस्तर घट्दै गइरहेको छ। केही स्थानका सिमसार लोपसमेत भइसकेका छन्।

यसै सन्दर्भमा राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका सूचना अधिकारी हरिभद्र आचार्यले पछिल्लो समय अव्यवस्थित रूपमा गरिने विकास निर्माणका पूर्वाधार, सिमसार क्षेत्र नजिक बढ्दो जनसङ्ख्या, प्रदूषण र मानव बस्तीका कारण सिर्जित विविध समस्यासहित उद्योग-कलकारखानाबाट निस्कने फोहरमैला सोझै नदी तथा सिमसार क्षेत्रमा विसर्जन गर्ने प्रवृत्तिका कारण सिमसार क्षेत्रका लागि चुनौती थपिएको बताउनुभयो।

**अतिक्रमण र अत्यधिक दोहनको चुनौती**

त्यस्तै, जलवायु परिवर्तनका कारण अनपेक्षित रूपमा अत्यधिक वर्षा भई बाढीपहिरोसहित विकराल समस्या सिर्जना हुनु र लामो समयसम्म वर्षाको अभावमा जमिन सुक्खा हुनु, गरिबी र बेरोजगारीका कारण सिमसार क्षेत्र अतिक्रमण हुनु, परम्परागत कृषि प्रणालीमा भएको रूपान्तरण, सिमसारजन्य स्रोतको अधिक दोहन, बाह्य मिचाहा प्रजातिको अतिक्रमण, रासायनिक मल र विषादीको मिसावट पनि सिमसारका पछिल्ला प्रमुख चुनौती बनेका उहाँले बताउनुभयो।

विश्वव्यापी रूपमा सिमसार क्षेत्रको संरक्षण र संवर्द्धन गर्ने उद्देश्यले सिमसार महासन्धि (रामसार महासन्धि) सन् १९७१ मा इरानको रामसार सहरमा भएको थियो। रामसार महासन्धिमा हस्ताक्षर गरिएको दिन 'फेब्रुअरी २ तारिख' लाई स्मरण गर्दै विश्व सिमसार दिवस मनाउन सुरु गरिएको हो।

रामसार महासन्धिले अन्तर्राष्ट्रिय महत्त्व बोकेका तथा अति संवेदनशील सङ्कटापन्न र खतरापूर्ण जैविक प्रजाति वा पारिस्थितिकीय समुदायलाई आश्रय प्रदान गर्ने सिमसारलाई रामसारको सूचीमा सूचीकृत गर्ने व्यवस्था गरेको छ। हालसम्म यसमा आबद्ध देशको सङ्ख्या १७२ पुगेको छ। साथै दुई हजार ४२२ सिमसार रामसारको सूचीमा सूचीकृत छन्। सन् १९८७ डिसेम्बर १७ मा कोशीटप्पु वन्यजन्तु आरक्षलाई रामसार सूचीमा सूचीकृत गरेर नेपाल सन् १९८८ अप्रिल १७ देखि रामसार महासन्धिको पक्ष राष्ट्र बनेको हो।

जनचेतनाको कमी र सूचनाको अभावका कारण मानवीय गतिविधिले सिमसारको अतिक्रमण बढ्दो छ। वन तथा वातावरण मन्त्रालयअन्तर्गतका निकुञ्ज तथा विभागले यस दिवसका अवसरमा वन परिसर प्रवेशद्वारमा रहेको 'होर्डिङ बोर्ड' मा नारा अङ्कित ब्यानर अनावरण गर्ने गरेको छ। यसबाहेक प्रदेशका वन मन्त्रालय, संरक्षित क्षेत्र र डिभिजन वन कार्यालयले आ-आफ्नो तहबाट विभिन्न कार्यक्रम आयोजना गरी यो दिवस मनाउने गरिएको विभागका महानिर्देशक डा. बुद्धिसागर पौडेलले जानकारी दिनुभयो।

सिमसार क्षेत्रमा पछिल्लो समय पानीका स्रोत घट्दै गएको उल्लेख गर्दै उहाँले तीनै तहका सरकारको समन्वयमा सिमसार संरक्षणका लागि विद्यमान पोखरीको संरक्षण र नयाँ पोखरी निर्माण गर्ने काम भइरहेको जानकारी दिनुभयो।



रामसार सूचीमा हाल नेपालका कोशीटप्पु, घोडाघोडी ताल क्षेत्र, जगदीशपुर जलाशय, बिसहजारी तथा आसपासका ताल, रारताल, फोक्सुन्डो ताल, गोसाइँकुण्ड तथा आसपासका ताल, गोक्यो तथा आसपासका ताल, माईपोखरी र पोखरा उपत्यकाका विभिन्न ताल सूचीकृत छन्। यी सिमसार क्षेत्रले ओगटेको कुल क्षेत्रफल ६० हजार ५६१ हेक्टर छ। सिमसार संसारको सबैभन्दा जैविक विविधता भएको बासस्थानमध्ये एक हो र धेरै लोपोन्मुख प्रजातिको बासस्थान पनि हो। विश्वको ४० प्रतिशत वनस्पति र वन्यजन्तुको बासस्थान यही क्षेत्रमा रहेको पाइन्छ।

सिमसार लाखौँ घुमन्ते चरा, माछा, उभयचर, कीटपतङ्ग र बोटबिरुवाका लागि महत्त्वपूर्ण बासस्थान भएको उल्लेख गर्दै महानिर्देशक डा. पौडेलले भन्नुभयो, "नेपालमा पाइने १७२ लोपोन्मुख प्रजातिका वनस्पति र प्राणी सिमसारमा आश्रित छन्। नेपालमा पाइने ८७८ प्रजातिका चरामध्ये सिमसार क्षेत्रमा १९३ प्रजातिका चरा, २० प्रजातिका मेरुदण्ड भएकामध्ये १७ प्रजातिका जीव र सात हजार प्रजातिका वनस्पतिमध्ये २५ प्रतिशत सिमसारमा आश्रित रहेको विभागको तथ्याङ्क छ। त्यस्तै, २४६ रैथाने फूल्ने प्रजातिका वनस्पति सिमसारमा आश्रित छन्।"

विश्वको करिब नौ प्रतिशत र नेपालको करिब पाँच प्रतिशत भूभाग सिमसार क्षेत्रले ओगटेको छ। नेपालका तराई, पहाड र हिमाली क्षेत्रमा अन्तर्राष्ट्रिय महत्त्व बोकेका सिमसार क्षेत्र छन्। विश्व संरक्षण सङ्घ नेपालको अभिलेखअनुसार नेपालमा १६३ सिमसार तराईमा छन् भने ७९ सिमसार हिमाली तथा पहाडी क्षेत्रमा छन्।

सिमसारले जलवायु परिवर्तन तथा भूविनाशको असरलाई न्यूनीकरण गर्दै पर्यावरणीय सुरक्षा कवचसमेत प्रदान गर्दछ। पछिल्लो समय पर्यापर्यटनको गन्तव्य बन्दै गएको सिमसार क्षेत्रमा पाइने चराचुरुङ्गी, वन्यजन्तुको अवलोकनलगायत प्राकृतिक सौन्दर्यको अनुभव पनि यसले उपलब्ध गराएको छ।

**सिमसार क्षेत्र संरक्षणका लागि कानुनी र नीतिगत व्यवस्था**

वन मन्त्रालयले सिमसार क्षेत्रका चुनौतीलाई मध्यनजर गरी प्रदेश र स्थानीय तहसँगको समन्वयमा सिमसार क्षेत्र संरक्षणसम्बन्धी विभिन्न कार्यक्रम तथा नीति अघि बढाएको वन मन्त्रालयका प्रवक्ता विशाल घिमिरेले जानकारी दिनुभयो। सिमसार क्षेत्रको दिगो उपयोगबाट तीनै तहका सरकारको सहभागितामा स्थानीयले पाउने लाभको व्यवस्थापन गर्दै आएको बताउँदै उहाँले भन्नुभयो, "सिमसारको संरक्षणका लागि स्थानीयमा जनचेतना र जागरणका कार्यक्रम सञ्चालन हुँदै आएका छन्, यसको महत्त्व र संरक्षण बारेमा नयाँ पुस्तामा ज्ञान र सीप हस्तान्तरणका लागि विभिन्न कार्यक्रम सञ्चालन भइरहेका छन्।"

सरकारले सिमसार क्षेत्रको संरक्षणका लागि विभिन्न कानुनी र नीतिगत व्यवस्था गरेको पनि उहाँले जानकारी दिनुभयो। नेपालको संविधान, जलस्रोत संरक्षण ऐन-२०४९, स्थानीय सरकार सञ्चालन ऐन-२०७४, वातावरण संरक्षण ऐन-२०७६, जलचर संरक्षण ऐन- २०१७, राष्ट्रिय सिमसार नीति-२०६९ एवं आवधिक योजनाहरू तथा राष्ट्रिय रामसार रणनीति तथा कार्ययोजनालगायत नीति र कानुनमार्फत सिमसारको संरक्षण, संवर्द्धन र व्यवस्थापनमा सरकारले प्रतिबद्धता जनाउँदै आएको छ।

सिमसारमा जल र जमिनको क्रिया र प्रतिक्रियाबाट जल परिचालन र शुद्धिकरणको प्रक्रिया चलिरहने हुनाले सिमसारलाई 'प्रकृतिको मिर्गौला' पनि भन्ने गरिन्छ। सिमसारले वस्तु र सेवा प्रदान गर्नाका साथै पानीको स्रोत संरक्षण गर्छ। पानीको गुणस्तर कायम राख्न, जलचक्र र जलवायुलाई नियमित गर्न तथा तापमानलाई सन्तुलन गर्न पनि सिमसारको महत्त्व छ। तसर्थ यसको संरक्षणमा सबैको हातेमालो आवश्यक छ।

*रासस*

# हार्दिक समवेदना



जन्म
२०१४/०५/१९

स्वर्गारोहण
२०८२/१०/१७

हाम्रा आयुष्मती छोरी/माता/दिदी/भाउजू/ठूली आमा/सासूआमा/हजुरआमा **नातिमैया ज्याख्वा सुजखु**को दुःखद निधन भएको आज चौथो दिन (लक्च)को पुण्यतिथिमा दिवङ्गतप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**बुबा/आमा**
बाबुकाजी ज्याख्वा/किसंकुमारी ज्याख्वा

**छोरी/ज्वाइँ**
सरिता सुजखु लागे/राजेन्द्र लागे

**भाइ/बुहारी**
जुजुकाजी ज्याख्वा/चनकेशरी खाताख्व ज्याख्वा, पदम बज्राचार्य ज्याख्वा
रत्नप्रसाद ज्याख्वा/पुण्यश्वरी चवाल ज्याख्वा

**नाति/नातिनी**
सूजा लागे, प्रत्युष सुवाल, श्रेया लागे, सफिक लागे, स्पर्श ज्याख्वा, ऐजेलिया कुम्पाख, लुमना महर्जन, तिलक अवाल, काब्या सुजखु, लिली कुम्पाख, सूर्यांश स्वङ्गमिखा, शुभर्थ महर्जन

**बहिनी/ज्वाइँ**
पुण्यश्वरी ज्याख्वा सुजखु/उद्धव सुजखु
तुल्सीदेवी ज्याख्वा स्वङ्गमिखा/किरण स्वङ्गमिखा
तुल्सीमैया ज्याख्वा बासी/रामप्रसाद बासी
तुल्सीलक्ष्मी ज्याख्वा सुजखु/राजेन्द्र सुजखु
रत्नलक्ष्मी ज्याख्वा भैल/कृष्णप्रसाद भैल
रत्नेश्वरी ज्याख्वा सुवाल/जबेन्द्र सुवाल
रत्नमैया ज्याख्वा

**भदा/बुहारी/भदै/ज्वाइँ**
रञ्जन ज्याख्वा/जोन जोनसन ज्याख्वा
अन्जन ज्याख्वा/सजना चित्रकार ज्याख्वा
ई.ऋतु ज्याख्वा अवाल/नगेन्द्र अवाल
भूगोल ज्याख्वा/कमला खड्का ज्याख्वा
ई.गौरव ज्याख्वा, आँचल ज्याख्वा

**भतिजा/बुहारी/भतिजी/ज्वाइँ**
कविता सुजखु सुवाल/रविन्द्र सुवाल
सबिता सुजखु महर्जन/ईश्वरमान महर्जन
उषा सुजखु कुम्पाख/ई.कृष्णसुन्दर कुम्पाख
सुरज स्वङ्गमिखा/सूया धौगोडा स्वङ्गमिखा
मनिष कोजु/शान्ति सितिखु कोजु
उत्सव सुजखु
मौसम सुजखु/कृषा छुकां सुजखु
डा.अस्कल बासी
ज्योती स्वङ्गमिखा प्रजापति/रोनिस प्रजापति
ई.कृति भैल, रजिशा सुवाल, अनुषा बासी, शयन भैल, रोजेश सुवाल


## सिद्धि गणेश कर्नर

हरेक मङ्गलबार र शुक्रबार संस्थासम्बन्धी जानकारीका लागि पढ्ने गरौं ।

### संस्थाको खँचास्थित स्वास्थ्य क्लिनिकबाट उपलब्ध सेवाहरू



♦ **दैनिक रुपमा डाक्टरबाट साधारण स्वास्थ्य परीक्षण र उपचार सेवा**: सोमबादेखि शनिबार बिहान ७:०० देखि ९:०० बजेसम्म
♦ **फिजियोथेरापी सेवा**: सोमबारदेखि शनिबार बिहान ७:०० देखि ९:०० बजेसम्म
♦ **डेन्टल सेवा**: सोमबारदेखि शनिबार बिहान ९:०० देखि २:०० बजेसम्म
♦ **मुटुरोगसम्बन्धी सेवा**: प्रत्येक बिहीबार बहान ८:०० देखि ९:०० बजेसम्म
♦ **डा.रत्नसुन्दर लासिवाबाट स्वास्थ्य परीक्षण सेवा**: प्रत्येक शनिबार बिहान ७:०० देखि ९:०० बजेसम्म

**पुनश्चः संस्थाको कार्यालय भवनबाट बिहान ८ देखि ९ बजेसम्म र स्वास्थ्य क्लिनिकबाट बिहान ७ देखि ९ बजेसम्म निःशुल्क रक्तचाप परीक्षण भइरहेको जानकारी गराइन्छ।**

**स्वास्थ्य उपसमिति**

### गतिविधि






संस्थाको लघुवित्त तथा बचत समूह परिचालन उपसमितिको आयोजनामा सम्पन्न हार्पिक, फिनाइल र पिताम्बरी बनाउने तालिमको समापन कार्यक्रममा मन्तव्य राख्नुहुँदै संस्थाका अध्यक्ष रुद्रनारायण लाखा र तालिममा सहभागी प्रशिक्षार्थीहरू ।

'सर्वोत्कृष्ट वित्तीय समाधानका लागि सिद्धि गणेश'
**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७, चोर्चा, भक्तपुर, फोन: ६६१३२०१, ६६२१२०१, सेवा केन्द्रायातुगणेश-६६१९५४०, तेखापुखु-६६२१२००), स्वास्थ्य क्लिनिक-६६२१२०५
Website : www.sgsaccos.com.np, E-mail : sgsaccos@hotmail.com
ACCESS BRONZE


## भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
ब्यासी, भक्तपुर

### पसल कवल तथा शौचालय भवन(कोठा) बहालमा सञ्चालन गर्न दिने सम्बन्धी सिलबन्दी दरभाउपत्र आह्वानको सूचना

**प्रकाशित मिति : २०८२।१०।२०**

यस नगरपालिकाको स्वामित्वमा रहेका देहायका पसल कवल तथा शौचालयहरू बहालमा सञ्चालन गर्न दिइने भएकोले बहालमा लिन इच्छुक व्यक्ति वा फर्महरूले तल उल्लेखित सर्त मञ्जुर गरी न्यूनतम वार्षिक बहाल रकममा बढाई के कति वार्षिक बहालमा लिन चाहने हो, आफूले कबुल गरेको अङ्कको ५ (पाँच) प्रतिशतले हुन आउने रकम नेपाल बैङ्क लिमिटेड भक्तपुर शाखा, भक्तपुर नगरपालिकाको धरौटी खाता नं ०१९०३००००३०००००००३ मा जम्मा गरेको सक्कल भौचर र टिकटबापत रू. १०।- समेत बुझाई यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ७ दिनभित्र (मिति २०८२।१०।२६ को कार्यालय समयभित्र) भक्तपुर नगरपालिकामा प्राप्त हुने गरी सिलबन्दी दरभाउपत्र पेस गर्नहुन सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ । म्याद नाघी आएको वा रीत नपुगेको दरभाउपत्रउपर कुनै कारबाही हुनेछैन । दर्ता हुन आएका दरभाउपत्र मिति २०८२।१०।२७ गते मङ्गलबार बिहान ११:०० बजे नगरपालिका कार्यालयमा खोलिनेछ । दरभाउपत्र खोल्ने समयमा दरभाउपत्रदाता वा निजको प्रतिनिधि उपस्थित हुनुपर्नेछ । उपस्थित नभए पनि दरभाउपत्र खोल्न बाधा पर्नेछैन । दरभाउपत्र बुझाउने अन्तिम दिन र खोलिने दिन बिदा परेमा त्यसको भोलिपल्ट सोही समयमा गरिनेछ । दरभाउपत्र स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार यस नपामा निहित हुनेछ ।

**सर्तहरू**

१) दरभाउपत्रदाताले दरभाउपत्र फाराम भर्दा नगरपालिकाबाट वितरित फारममा नै भर्नुपर्नेछ । दरभाउपत्र फारम फिर्ता नहुने गरी कर उपशाखामा रु.१,०००।- दस्तुर तिरी लिनुपर्नेछ ।
२) दरभाउपत्र पेस गर्दा खामको बाहिर कुन पसल कवल वा शौचालयको लागि दरभाउपत्र पेस गर्न लागेको हो सो र दरभाउपत्रदाताको नाम स्पष्टसँग उल्लेख गर्नुपर्नेछ । जसको नामबाट दरभाउपत्र खरिद गरेको हो निजकै नामबाट दर्ता गर्नुपर्नेछ ।
३) पसल कवल तथा शौचालयहरूको न्यूनतम कबोल अङ्क तपसिलमा उल्लेख गरिएको छ ।
४) धरौटी रकम बैङ्क दाखिला गर्दा तीन प्रतिको धरौटी भौचर भर्नुपर्नेछ । एकप्रति सक्कल भौचर र एकप्रति निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि सिलबन्दी दरभाउपत्रसाथ संलग्न गर्नुपर्नेछ ।
५) उपरोक्त सम्बन्धमा अन्य जानकारी लिनुपरेमा यस नगरपालिकाको कर उपशाखामा सम्पर्क राख्न सकिनेछ वा कार्यालयको फोन नं. ०१-६६११५२२ मा सम्पर्क गर्न सकिनेछ ।

**बहालमा दिने पसल कवल तथा शौचालयको विवरण**

| क्र.सं. | पसल कवल तथा शौचालय | वडा नं. | न्यूनतम कबोल अङ्क (वार्षिक बहाल) रकम (रू.) |
|---|---|---|---|
| १. | कमलविनायकस्थित नमुना भवन पसल नं. १ | १० | ५,७६,१३४।- |
| २. | कमलविनायकस्थित नमुना भवन गोदाम कोठा नं. १ | १० | १,८०,०००।- |
| ३. | कमलविनायकस्थित नमुना भवन गोदाम कोठा नं. २ | १० | १,८०,०००।- |
| ४. | दत्तात्रयक्षेत्रस्थित सार्वजनिक शौचालय | ९ | ३६,०००।- |

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु ★ सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा